Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३२, २०७७ साल वैशाख १६ गते मंगलबार (April,28, 2020) www.janaakash.com.np मुल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

## सूचना

जन आकाश राष्ट्रिय साप्ताहिक विगत लामो समयदेखि निरन्तर प्रकाशित भइरहेको जानकारी गराउँदै आएका छौं । विश्व कोरोनो भाइरस (कोभिड–१९)ले आक्रान्त भइरहेको बेला नेपाल पनि यसमा अछुतो रहन सकेन । त्यसैले यस लकडाउन अवधिभरी यस साप्ताहिकले पाठक सामु रङ्गिन निकाल्न नसकेको हुँदा त्यसमा आम पाठक वर्ग, विज्ञापनदाता, शुभेच्छुकहरुलाई जानकारी गराउँदै यस लकडाउन अवधिभर श्याम स्वेतमा प्रकाशित गर्न बाध्य भएका छौं ।

सम्पर्क: ४१६७५७८ (बागबजार), मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# ओली सरकारविरुद्ध विपक्षी दल आक्रामक

काठमाडौं । सत्तारुढ नेकपाभित्रैबाट सरकारमाथि प्रहार भइरहेका बेला विपक्षी दलहरुले पनि सरकारविरुद्ध एक भएर संघर्ष गर्ने निर्णय गरेका छन् । नेकपा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार सर्वसत्तावादतर्फ उन्मुख भइरहेको दाबी गर्दै विपक्षी दलहरु कांग्रेस, जनता समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारविरुद्ध संघर्ष गर्ने निर्णय गरेका हुन् ।



विपक्षी दलहरुले गरेको निर्णयमा भनिएको छ, 'लोकतान्त्रिक मूल्य मान्यतालाई कुल्चिदै यो सरकार सर्वसत्ततावादतर्फ अग्रसर भएको स्पष्ट छ । हामी यो प्रवृत्तिको घोर भत्सना गर्दछौं। र यस किसिमको स्वेच्छाचारी र सर्वसत्ततावादी प्रवृत्ति विरुद्ध सम्पूर्ण लोकतन्त्रवादी शक्ति एकताबद्ध भई संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

प्रधानमन्त्री ओलीले मधेस केन्द्रित दललाई विभाजन गर्ने उद्देश्यले राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गरे पनि उल्टै मधेसी दल एकीकरण भएपछि उनले अध्यादेश नै फिर्ता लिएका थिए । उक्त निर्णयपछि नेकपाभित्र बढेको असमझदारी बढ्दै जाँदा ओलीलाई नै पार्टी अध्यक्ष र प्रधानमन्त्री पदबाट हटाउने कसरत भइरहेको छ। ओलीलाई दुवै पदबाट हटाउन पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेताहरु केही दिनदेखि सक्रिय भइरहेका छन् । सरकार ढाल्नबाट रोक्ने सोमबार मात्रै पनि ओली र नेपालीबीच बालुवाटारमा छलफल भएको थियो । समाजवादी पार्टी विभाजनका लागि सांसद सुरेन्द्र यादवको अपहरणले जनतालाई आक्रोशित बनाएको उल्लेख गर्दै विपक्षी दलहरुले उक्त कार्यमा संलग्न नेकपाका सांसद तथा पूर्वमहानिरिक्षक सर्वेन्द्र खनाललाई कारबाही गर्न माग गरेका छन् ।

सरकारले कोरोनाका कारण अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनिकरण गर्न राहत र ठोस योजना ल्याउन नसकेको निष्कर्ष विपक्षी दलहरुले निकालेका छन् । उनीहरुले अर्थतन्त्रलाई पुन:जिवित गर्ने कार्यक्रम ल्याउन सुझाव दिँदै पिसिआर परीक्षणलाई तिव्रता दिन माग गरेका छन् । नेपाली कांग्रेसको पार्टी कार्यालय सानेपामा बसेको बैठकमा सभापित शेरबहादुर देउवा, रामचन्द्र पौडेल, विमलेन्द्र निधि समाजवादीका महन्थ ठाकुर, डा. बाबुराम भट्टराई, उपेन्द्र यादव, राजेन्द्र महतो र राप्रपाका प्रकाशचन्द्र लोहनीलगायका नेता सहभागी भएका थिए ।

# फेरि अर्को अध्यादेशको ल्याउने तयारीमा सरकार

काठमाडौं । सरकारले हालसालै जारी गरेर खारेज गरेको दुई अध्यादेशले निम्त्याएको कानुनी रिक्तता पूर्ति गर्न फेरि अर्को अध्यादेश ल्याउने तयारी गरेको छ । ऐनको कुनै प्रावधान खारेज वा संशोधन गर्ने अध्यादेश जारी भई खारेज भएमा साविक व्यवस्था स्वत: पुनर्जिवित नहुने संवैधानिक र कानुनी मान्यताअनुसार सरकारले राजनीतिक दल र संवैधानिक परिषद सम्बन्धी ऐनमा संशोधन गरिएका प्रावधानलाई पुनर्जीवित गर्न अर्को अध्यादेश ल्याउने तयारी गरेको हो ।

अध्यादेश खारेज गर्दा नै त्यसैमा साविकको व्यवस्था पुन:जिवित गर्ने प्रावधान राख्न सकिने भए पनि सरकारले चौतर्फी दबाबका कारण हतारमा दुई अध्यादेश खारेज गर्दा छुटाएकाले फेरि अर्को अध्यादेश ल्याउन लागिएको स्रोतले देश सञ्चारलाई जानकारी दियो । 'कुनै अघिल्लो ऐनलाई पछिल्लो ऐन वा अध्यादेशले खारेज गर्‍यो र पहिलो ऐन खारेज गर्ने ऐनले रिक्तता पूर्ति गर्ने व्यवस्था नगरी आफैं खारेज भयो भने अघिल्लो ऐन स्वत पुन:जिवित नहुने' संविधान विद्हरु बताउँछन् ।

अधिवक्ता माधवकुमार बस्नेत कानुन व्याख्या सम्बन्धी ऐनको दफा ४ मा कुनै नेपाल ऐनले अहिलेसम्म बनेको वा पछि बन्ने कुनै ऐनलाई खारेज गर्‍यो भने अर्को अभिप्राय नदेखिएमा खारेज भएको ऐनले खारेज हुँदाको बखत चल्तीमा नभएको वा कामय नरहेको कुनै कुरा पनि जनाउँदैन भन्ने व्यवस्था गरेको बताउँछन् ।

उनी भन्छन्, 'कानुन व्याख्या सम्बन्धी एनेको दफा ६ मा पूरा वा केही खारेज भइसकेको ऐनको पूरा वा केही भाग जारी गर्नुपर्दा नेपाल ऐनमा त्यसको प्रयोजन खुलाइ प्रष्ट लेख्नुपर्छ भनिएको छ। ऐनको यो प्रष्ट आधारमा अब पूर्व अवस्थामा पुर्याउन पुन: अर्को अध्यादेश वा संसद बसेपछि अर्को ऐन जारी गर्नुपर्दछ । नत्र स्वत: पूर्वअवस्थामा पुग्दैन रित्तता कायम रहन्छ ।' संविधानका ज्ञाता समेत रहेका पूर्वसभामुख एवं नेकपाका नेता सुवास नेम्बाङ पनि अध्यादेश खारेज भए पनि ऐनहरुबाट हटेका प्रावधान स्वत: सक्रिय नहुने बताउँछन् ।

उनले संवैधानिक परिषद र राजनीतिक दलसम्बन्धी ऐनमा आएको रिक्तता पूरा गर्न सरकारले अध्यादेश नै वा संसदमा विधेयक लग्नुपर्ने बताए । देश उनले भने, 'अध्यादेश खारेज भए पनि सामान्य सोचे जस्तो ऐनका प्रावधान पुन:जिवित हुँदैनन्। सरकारले अर्को अध्यादेशको तयारी गरेको मैले बुझेको छु ।' अधिवक्ता माधवकुमार बस्नेत कानुन व्याख्या सम्बन्धी ऐनको दफा ४ मा कुनै नेपाल ऐनले अहिलेसम्म बनेको वा पछि बन्ने कुनै ऐनलाई खारेज

बाँकी ८ पृष्ठमा

## तुरून्तै विद्यालय खोल्न नसकिने

काठमाडौं। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले विश्वव्यापी फैलिएको कोरोना सङ्क्रमणलाई लक्षित गरी वैकल्पिक शैक्षिक विधिको प्रयोग गर्दै शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने बताएका छन् ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन कास्कीद्वारा गत चैत २२ गतेदेखि सञ्चालित अनलाइन शिक्षक प्रशिक्षण कार्यक्रमको शनिबार आयोजित समापन समारोहमा उनले तुरुन्तै विद्यालय खोलेर पहिलाजस्तै शिक्षक र विद्यार्थी प्रत्यक्ष उपस्थित भई पठनपाठन गर्ने अवस्था छिट्टै नआउने भएकाले सिकाइ क्रियाकलाप वैकल्पिक विधिबाट सञ्चालन गर्नुपर्ने उल्लेख गरे । शिक्षाको वैकल्पिक धारको नेतृत्व गरी शिक्षकलाई प्रविधिसँग नजिक बनाउन प्रयत्नशील रहेकामा नेपाल राष्ट्रिय

बाँकी ८ पृष्ठमा

## प्रधानमन्त्रीद्वारा राष्ट्रपतिसँग भेट



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले हिजो आइतबार साँझ शीतलनिवासमा राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरेका छन् । दुई अध्यादेशको प्रकरणमा पार्टीभित्रकै शीर्ष नेताहरु प्रधानमन्त्री ओली र राष्ट्रपति भण्डारीसँग पनि रुष्ट बनेको सन्दर्भमा छलफलका लागि प्रधानमन्त्री ओलीले राष्ट्रपति भण्डारीसँग भेटेका हुन् । नेकपाभित्र स्थायी कमिटी बैठक बोलाउन र त्यसमा प्रधानमन्त्री ओलीको सरकार र पार्टीभित्र विकल्प खोज्नेबारे छलफल हुने जानकारी कोटेश्वरमा शीर्ष नेताहरु सम्मिलत एक बैठकले आइतबार गरेको छ ।

## सरकारको विरोधमा कांग्रेसले निकाल्यो राँके जुलुस

सिन्धुपाल्चोक । सिन्धुपाल्चोकमा लकडाउनको समयमा नेपाली कांग्रेसले जुलुस निकालेको छ । सांसदहरु महेश बस्नेत, किसान श्रेष्ठ र नेपाल प्रहरीका पूर्व आइजिपी सर्बेन्द्र खनाल सांसद अपहरणमा संलग्न भएको अभियोगमा प्रहरीले उजुरी लिन नमानेको विरोधमा नेपाली कांग्रेस सिन्धुपाल्चोक क्षेत्र नम्बर १ ले आइतबार बेलुका राँके जुलुस निकालेको हो । जनता समाजवादी पार्टीका नेताहरुले उजुरी दर्ता गर्न गए पनि प्रहरीले नमानेपछि कांग्रेसले सरकारको बिरोधमा जुलुस निकालेका हुन् । जुलुसमा कांग्रेसका नेताहरुले पूर्व सचिव भीम उपाध्ययको रिहाइको समेत माग राखेको गरेका छन् ।

## जसपाको दल दर्ता प्रक्रिया रोक्न निर्वाचन आयोगमा निवेदन

काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टी एक भइ बनेको जनता समाजवादी पार्टीको दल दर्ता प्रकृया रोक्न निर्वाचन आयोगमा निवदेन परेको छ । नेपाललाई 'बहु राष्ट्रिय राज्य' कायम गर्ने उद्देश्य राखेको पार्टीको दल दर्ता प्रकृया रोक्न राष्ट्रिय युवा संघ नेपालका अमित लामा र अधिवक्ता विपिन ढकालले आयोगमा निवेदन दिएका हुन ।

दुबै दलको सहमति पत्रमा उल्लेख भएको 'बहु राष्ट्रिय राज्य' भन्ने व्यहोरा नेपालको संविधान विपरित भएको उल्लेख गर्दै दल दर्ताको प्रकृया रोक्न निवेदन दिइएको अधिवक्ता ढकालले बताए । बहु राष्ट्रिय भन्नाले छुट्टै देश भन्ने अर्थ झल्कने गरी दल दर्ता प्रस्ताव गरिएको मा प्रकृया रोक्न आयोगमा निवेदन दर्ता गरिएको उनको भनाई छ । 'पार्टीले प्रयोग गर्ने भनिएको झण्डा समेत बुर्किमा फासो देशको झण्डासँग मेल खाएकोले त्यसले परराष्ट्र सम्बन्धमा प्रतिकुल असर पर्छ', उनले भने,'संयुक्त राष्ट्रसंघको वडापत्रमा प्रत्येक सदस्य राष्ट्रको सार्वभौमिकतालाई प्रत्येक सदस्य राष्ट्रले मान्यता दिनुपर्ने प्रवधान विपरित छ ।'

बाँकी ८ पृष्ठमा

## सीमा नाका वैशाख ३१ गतेसम्म बन्द

काठमाडौं । मन्त्रिपरिषद् बैठकले लकडाउनको अवधि १० दिन थप्नुका साथै अन्तर्राष्ट्रिय सीमा नाकाहरु वैशाख ३१ गते मध्यरातसम्म बन्द राख्ने निर्णय गरेको छ । सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज खतिवडाले आइतबारको क्याबिनेट बैठकले लकडाउन २५ गते मध्यरातसम्म लम्ब्याउनुका साथै अन्तर्राष्ट्रिय सीमा नाकाहरु वैशाख ३१ गतेसम्म बन्द राख्ने निर्णय गरेको जानकारी दिए ।

सरकारले चौथोपटक लकडाउनको अवधि लम्ब्याउने निर्णय गरेको हो। नेपालमा हालसम्म ५२ जना कोरोना संक्रमित भेटिएका छन् भने १६ जना निको भएर फर्किईसकेका छन् । यसअघि सरकारले जेठ २ गतेसम्म आन्तरिक तथा बाह्य हवाई उडान बन्द गर्ने निर्णय गरिसकेको छ। सरकारले पछिल्लोपटक १५ दिन लकडाउन लम्ब्याएको थियो ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# सधैं किन कमाउ धन्दामा कम्युनिष्ट शासकहरु ?

सिद्धान्ततः कम्युनिस्ट वा साम्यवादीमा निजी सम्पत्तिप्रतिको आशक्ति हुँदैन भनिन्छ । किनकि, मार्क्सद्वारा प्रतिपादित र लेनिनद्वारा सर्वप्रथम प्रयोगमा ल्याइएको सम्पत्तिमा व्यक्तिको अधिकार नभई समुदायको अधिकार रहने आर्थिक तथा राजनैतिक दर्शन कम्युनिस्ट वा साम्यवादी हो भन्ने कुरा धेरैले बुझेका छन् । शोषक र शोषितबीचको भेदभाव हटाई उत्पादन, वितरण र उपभोगमा समता हुनुपर्दछ भन्ने मूलभूत सिद्धान्त मार्क्सवादको भए पनि समयानुकूल यसमा सामान्य हेरफेर हुँदै विश्व चर्चित अन्य कम्युनिस्ट नेताकै अवधारणालाई परिमार्जित एवं समाविष्ट गर्दै कम्युनिस्ट पार्टी वर्गिकृत हुँदै आए । तथापि, कम्युनिस्ट विचारधाराका व्यक्तिमा सम्पत्तिप्रतिको आशक्ति हुँदैन भन्ने मान्यता सबै कम्युनिस्ट घटकमा यद्यपि कायमै छ । कम्युनिस्ट वा साम्यवादी पार्टीलाई बुझ्ने अधिकांशको दृष्टिकोण पनि यही रहँदै आएको छ । तत्कालीन मन्त्री गोकुल बाँस्कोटा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का जिम्मेवार सदस्य हुन् । यही आधारमा नेकपाले उनलाई राष्ट्रियस्तरको जिम्मेवारी प्रदान गरेर मन्त्री पदमा पुऱ्यायो । प्रधानमन्त्री केपी शर्मा ओलीकै निकट मानिने गोकुल बाँस्कोटाको पछिल्लो क्रियाकलापले प्रधानमन्त्रीकै छविमा समेत प्रश्न उब्जाएको छ । त्यो मुलुककै लागि गम्भीर विषय हो ।

तत्कालीन गोकुल बाँस्कोटाले मन्त्रिमण्डलको जिम्मेवार सदस्यको आवरणमा गरेका गलत कामकार्यको फेहरिस्त एकपछि अर्को गर्दै सार्वजनिक भइसकेका छन् । तत्कालीन मन्त्री गोकुल बाँस्कोटाले प्रथमतः आफ्नै मन्त्री पदको अख्तियार दुरुपयोग गरी व्यक्ति एवं समूहगत लाभमा राष्ट्रघाती कार्य गर्ने दुष्प्रयास गरेका छन् । गोकुल बाँस्कोटाले गरेको दोस्रो कार्यले सिद्धान्तमा अडिग अन्य कम्युनिस्ट वा साम्यवादी दलको स्वच्छ दृष्टिकोणलाई धमिल्याउने कार्य गरेको छ । यति मात्र होइन मन्त्री बाँस्कोटाको कार्यले मुलुकमा व्यवस्था परिवर्तन भए पनि सञ्चालकको कार्यशैली निरंकुशताविरुद्ध बन्न नसकेको कुरा पुष्टि गरेको छ ।

मन्त्री बाँस्कोटाको प्रेस प्रकरणजस्तै उनको कार्यकालमा यस्तै अन्य महत्त्वपूर्ण कार्यको सिलसिलामा राज्यको के–कति रकम दुरूपयोग भयो ? भन्ने आशंका उत्पन्न हुनु स्वाभाविक हो । यसको जवाफ मन्त्री बाँस्कोटा र वर्तमान सरकारसँग नै निहित रहने भएकोले अनुमानकै भरमा आक्षेप लगाउनु युक्ति संगत हुँदैन । तथापि, मन्त्रिपरिषद्को बैठकले २०७४ भदौ १४ यताका सबै राजनीतिक नियुक्ति खरेज गरेअनुसारै दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदबाट हटाइएका विवादास्पद व्यक्ति दिगम्बर झालाई पुनः अध्यक्ष पदमै नियुक्त गर्ने कार्य पनि मन्त्री बाँस्कोटाबाटै भएको थियो । यस्तै फ्रिक्वेन्सी दिँदाको दोहोरो निर्णय, नेपाल टेलिकममा बाँस्कोटाले गरेको निरन्तर हस्तक्षेप, गैरकानुनी ढंगले दिने ठाडो निर्देशन, कमिसनमा गरेको गैरकानुनी सम्झौता र विधेयकमार्फत् प्रेसमा लगाउने खोजिएको अंकुशलगायत मन्त्री बाँस्कोटाकै कार्यकालमा भएका अन्य विवादास्पद कार्य हुन् । यस्ता कार्यले वर्तमान मन्त्रिमण्डलमा उनी शक्तिशाली थिए भन्ने कुरा पुष्टि गर्दछ । सेक्युरिटी प्रिन्टिङ प्रेसमा जस्तै बाँस्कोटाको कार्यकालमा भएका अन्य विवादास्पद कार्यको सन्दर्भमा पनि राष्ट्रलाई घाटा र व्यक्ति वा समूहलाई लाभ भएको सहजै अनुमान गर्न सकिन्छ ।

# गणतन्त्रका बाह्र वर्ष

**विनोद नेपाल**

ऐतिहासिक दोस्रो जनआन्दोलनको बलमा मुलुकमा युगान्तकारी परिवर्तन भयो । सोही आन्दोलनको बलमा राजाका शासकीय अधिकार 'निलम्बन' गरियो । २०६४ साल चैतमा संविधानसभा निर्वाचन सम्पन्न भएपश्चात् दोहोरो जिम्मेवारी पाएको सो सभाको व्यवस्थापिका संसद्को रूपमा बसेको पहिलो बैठकले १५ जेठ २०६५ को मध्यरात मुलुकबाट संवैधानिक राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको घोषणा ग(यो । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम राष्ट्रप्रमुखका रूपमा राष्ट्रपतिको चयन गरियो । यस हिसाबले मुलुकमा गणतन्त्र आएको १२ वर्ष पूरा भएको छ । पहिलो संविधानसभाले संविधान जारी गर्न नसकेपछि अर्को संविधानसभा गठन भयो । दोस्रो संविधानसभाले ३ असोज २०७२ मा 'नेपालको संविधान' जारी ग(यो । सोही संविधानबमोजिम तीनै तहका निर्वाचन भई सरकारहरू क्रियाशील भए भने पुराना र संविधानसँग बाझिएका कानुनको विस्थापन तथा संविधानको भावनाबमोजिमका कानुन निर्माण गर्ने क्रममा कतिपय कार्य सम्पन्न भइसकेका र कतिपय हुने क्रममा छन् । नेपालको संविधान लगभग पूर्ण कार्यान्वयनमा आइसकेको छ ।

पहिलो संविधानसभाले संविधान दिन नसक्नुका कारक राजनीतिक दल थिए । सत्ताको किचलो थियो । दोस्रो संविधानसभा गठनपश्चात् पनि लगभग सोही खालको स्थिति थियो । तर, २०७२ साल वैशाखमा आएको विनाशकारी महाभूकम्पले राजनीतिक दलहरूलाई एकै ठाउँमा उभ्याइदिँदा नेपालको संविधान जारी गर्न सम्भव भएको थियो भन्ने कुराका हामी सबै जानकार नै छौं । जेसुकै भए पनि लामो संक्रमणले सिर्जना गरेको अन्योललाई चिर्दै संविधान जारी भएपछि परिस्थिति केही सहज बनेको थियो । सम्पन्न निर्वाचनबाट तीनै तहमा तत्कालीन एमाले र माओवादी (केन्द्र) एकीकृत भई गठन भएको 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' को बाहुल्य रह्यो र आफूलाई अग्रगामी भन्ने सो पार्टीले मुलुकलाई सही दिशातर्फ डोऱ्याउने र मुलुक समृद्ध, समुन्नत र सुशासित हुने आशा पनि गरियो ।

नेकपाका अध्यक्ष केपी शर्मा ओलीले ३ फागुन २०७४ मा प्रधानमन्त्रीका रूपमा सत्ता सम्हाले । प्रधानमन्त्रीको कार्यभार वहन गर्दै गर्दा उनले कानुनी राज्य स्थापना गर्ने, पारदर्शिता र स्वच्छता, भ्रष्टाचार नियन्त्रण गर्ने तथा नेपाली जनताको अपेक्षा र चाहनाअनुरूप काम गर्नेजस्ता प्रतिबद्धता पनि जनाए । यसले धेरैलाई उनी र उनको सरकारप्रति आशावादीसमेत बनायो । ओली सरकारले सत्ता सम्हाले लगत्तै केही राम्रा प्रयास पनि ग(यो । यातायात क्षेत्रको सिन्डिकेट तोड्ने काम, विकास निर्माणका काममा अनावश्यक ढिलाइ गर्ने ठेकेदारविरुद्धको कारबाही, वैदेशिक रोजगारीमा भइरहेको ठगीको अन्त्य र व्यवस्थित बनाउने प्रयास, भन्सार चुहावटमा कडाइ, सार्वजनिक बिदामा कटौतीजस्ता प्रयास ग(यो जुन आफैंमा स्वागतयोग्य थियो ।

तर, विस्तारै सरकारका कामकारबाहीमा विभिन्न किसिमका कमजोरी र भनाइ र गराइमा विरोधाभास देखिन थाले । एकातिर पार्टी एकीकरणको घोषणा भए पनि एकता प्रक्रिया नटुंगिनु र अर्कोतिर पार्टीका बैठक नै नबोलाइकन पार्टीले लिनुपर्ने निर्णय दुई अध्यक्षको सल्लाहमा लिइने अनि सरकारका कामकाजको सम्बन्धमा प्रधानमन्त्री ओली आफैंले एकल निर्णय लिने अभ्यास हुन थाल्यो । यसले गर्दा एकातिर पार्टीभित्र आन्तरिक असन्तुष्टि देखापऱ्यो भने अर्कोतर्फ सरकारका कामकारबाही एकपछि अर्को गर्दै विवादमा पर्न थाले । स्थानीय तहहरूको सुव्यवस्थित एवं प्रभावकारी सञ्चालन गर्न सरकार असफल रह्यो । 'गाउँगाउँमा सिंहदरबार' नारामा सीमित रह्यो भने प्रदेशहरूलाई अधिकार दिने कुरामा समेत संघीय सरकार अनुदार देखियो । संविधानले दिएका अधिकारसमेत नदिई आफैंले नियन्त्रणमा राख्न खोज्दा प्रदेशहरू संघीय सरकारप्रति असन्तुष्ट रहे । संघीयताको मर्मविपरीतका अभ्यास हुँदै जाँदा सबैतिर कब्जा, नियन्त्रण र अधिकार केन्द्रीकरणको अनुभूति हुन थाल्यो ।

राष्ट्रप्रमुख र सरकार प्रमुखका अभिव्यक्तिहरू विवादमा पर्न थाले । 'सेरेमोनियल' राष्ट्रप्रमुखका रूपमा सम्मानका साथ रहनुपर्नेमा राष्ट्रपतिको सत्तारूढ दलका आन्तरिक राजनीतिक विवादमा मध्यस्थको भूमिका देखिँदा राष्ट्रपतिको भूमिकामाथि नै प्रश्न उठ्न थाल्यो । मन्त्री र सरकारमाथि नै अनियमितताामा प्रश्न उठ्यो । कतिपयमा प्रधानमन्त्री निकट मन्त्रीहरूकै संलग्नताको आरोप लाग्यो । त्यस्ता काण्डमा प्रधानमन्त्री स्वयंले बचाउ गरेको अस्वाभाविक अवस्थाले प्रधानमन्त्रीको भ्रष्टाचारीको अनुहार नै नहेर्ने भनाइमाथि व्यंग्य हुन पुग्यो ।

यसबीच मुलुकको विकास निर्माण र लोकतन्त्रको सुदृढीकरणका लागि अघि बढ्नुपर्ने सरकार नियन्त्रणमुखी कानुनहरू बनाउन अग्रसर र उद्धत रह्यो । नियन्त्रण र सन्तुलनको मान्यताविपरीत राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि कब्जा जमाउने, संवैधानिक निकायहरूलाई आदेश पालक संस्थाका रूपमा परिणत गर्ने, यहाँसम्म कि मानवअधिकार आयोगलाई समेत नाम मात्रको बनाउने, शक्तिशाली र संवेदनशील निकायहरू तथा सेनासम्बन्धी अधिकारसमेत प्रधानमन्त्रीले आफूमा केन्द्रित गर्ने, सञ्चारमाध्यममाथि नियन्त्रण राख्ने र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्नेजस्ता प्रयास भए । यसले सरकारप्रति सबैलाई सशंकित गरायो । यसबाहेक पनि अन्य थुप्रै यस्ता निर्णय गरिए र कदम चालिए जसले सरकारको लोकतन्त्रप्रतिको प्रतिबद्धता नै आशंकामा पर्न पुग्यो । यी सबैलाई हेर्दा हामी कतै हामीले भन्ने गरेको 'लोकतान्त्रिक गणतन्त्र'भन्दा फरक ढंगमा अघि बढिरहेका त छैनौं वा हामीले चाहेको वा सोचेको गणतन्त्रभन्दा फरक ढंगका अभ्यास हुन थालेका त होइनन् ? भन्ने महसुस गरिन थाल्यो ।

सरकार प्रचारमुखी भयो । प्रतिपक्षी र बौद्धिक जगतप्रति असहिष्णु बन्दै जान थाल्यो । प्रधानमन्त्री आफूले भनेको हुनैपर्ने र कसैको सल्लाह, सुझाव वा प्रतिक्रियालाई सुन्दै नसुन्ने एकोहोरो हुन थाले । एकपछि अर्को अस्वाभाविक निर्णय र कदम चाल्न थालेपछि सरकार एकपछि अर्को विवादमा पर्न थाल्यो । पछिल्लो प्रकरण बन्यो अध्यादेश फिर्ता । दलभित्रको आन्तरिक किचलो सतहमा आएको बेला प्रधानमन्त्रीको एकल निर्णयमा हठात् आएका दुईवटा अस्वाभाविक अध्यादेश खारेजी र नेकपाभित्रको आन्तरिक कलहका कारण झन्डैझन्डै सत्ताबाट बाहिरिनुपर्ने अवस्था आइसकेका प्रधानमन्त्री ओलीको सत्ता चिनियाँ मध्यस्थतामा टिकेको कुरा जगजाहेर नै छ ।

पछिल्लो समय सारा विश्व कोरोना महामारीको त्रासमा छ । विश्व नै कोभिड-१९ बाट मानवजातिको रक्षाका लागि संघर्षमा छ । यसका लागि सरकारले चालेका कदम, अपनाएका उपाय आदि सबै फितलो भएका छन् । संक्रमितको संख्या दिनदिनै बढ्दो छ र दुई महिना बढी 'लकडाउन' गरे पनि संक्रमण नरोकिनुले बरु घट्नुभन्दा बढ्दै जानुले सरकारमाथि प्रश्न उठेको छ । सरकारको आलोचना भइरहेको छ । समय पाएर पनि तयारी गर्न नसकेको र सुरक्षात्मक उपायहरू अपनाउन असफल भएको आरोप सरकारमाथि लागेको छ । परीक्षणको दर बढाउन नसक्दा यसको जोखिम बढ्दो छ । यसैबीच संसद्मा सरकारको नीति तथा कार्यक्रम जारी भयो । कोरोना भाइरस 'कोभिड-१९'लाई समेत मध्यनजर राखेर ल्याइएको भनिएको नीति तथा कार्यक्रम पनि परिस्थितिको आवश्यकतालाई सम्बोधन गर्न सक्ने खालको नभएको भनि आलोचना हुन पुग्यो ।

सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकारले चल्तेचलाते लोकतन्त्र नभई जनताको लोकतन्त्र खोजेको बताए । प्रतिनिधिसभामा सरकारको आगामी वर्षको नीति तथा कार्यक्रमबारे सांसदहरूले सोधेका प्रश्नको जवाफ दिँदै उनले केही राजनीतिक स्वतन्त्रातसहित सीमित अधिकारको 'सर्फेसियल डेमोक्रेसी' अर्थात् सतही लोकतन्त्र नभई आफूहरूले तल्लो तहमा रहेका जनताको जीवन उकास्ने 'कम्प्रेहन्सिभ डेमोक्रेसी' खोजेको बताए । पूर्व अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले गरेको प्रजातन्त्रको बहुचर्चित परिभाषा उल्लेख गर्दै आफूहरूले पनि त्यस्तै जनताका लागि जनताको परिपूर्ण लोकतन्त्र ल्याउन खोजेको बताए । उनले जथाभावी बोल्न र लेख्न पाउनु मात्र लोकतन्त्र होइन भन्दै वर्तमान सरकारले चालेका नियन्त्रणमुखी कदमको बचाउ गरे ।

यिनै विरोधाभासका बीच ७ जेठमा भारतीय अतिक्रमणमा परेको लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रसमेत समेटिएको नक्सा जारी भएको छ । यसलाई सरकारले ठूलो उपलब्धि मानेको छ । स्मरणीय छ, झन्डै १ हजार ८ सय किलोमिटर सीमा जोडिएको भारतसँग थुप्रै स्थानमा सीमा समस्या छन् । तिनको समाधानका लागि हालसम्मका कुनै पनि सरकारबाट सार्थक पहल भएन । नेपाल-भारत सीमा तथा सन्धि-सम्झौता आदि समेतको पुनरावलोकनका लागि गठित 'प्रबुद्ध समूह'को प्रतिवेदन तयार भए पनि हालसम्म सो बुझ्ने/बुझाउने काम हुन सकेको छैन । यसैबीच गत नोभेम्बरमा आफ्नो राजनीतिक तथा प्रशासनिक नक्सा जारी गर्दा लिपुलेक कालापानी र लिम्पियाधुरासमेतका नेपाली भूमि पनि समेटेकोमा जनस्तरमा भारतको व्यापक विरोध भएको थियो । त्यसपछि मात्र जुर्मुराएजस्तो गरेको ओली सरकार केही समयपछि यसै थन्कियो । यतिखेर आएर भारतले सडक नै बनाइसकेपछि 'हाम्रो भूमि' भन्दै नक्सा जारी गरिएको छ । निश्चय नै नक्सा जारी गरिनु राम्रो र प्रशंसनीय कार्य हो । तर, त्यतिखेरै सक्रिय र दह्रो प्रयास गरेको भए भारतले त्यस भूमिमा सडक बनाएर त्यसलाई सञ्चालनमा ल्याउने आँट गर्न सक्दैनथ्यो ।

ढिलै भए पनि सरकारले नक्सा जारी गरेर र संविधान संशोधन प्रक्रिया अगाडि बढाएर प्रशंसनीय कार्य गरेको छ । यसबाट सरकार र खासगरी स्वयं प्रधानमन्त्री ओलीको खस्कँदो लोकप्रियतालाई उकास्न केही सहयोग पुग्नेछ । तर, नक्साले मात्र भूमि फिर्ता आउँदैन । भूमि फिर्ता ल्याउनका लागि कूटनीतिक र राजनीतिक पहल हुनुपर्छ । यहाँनेर प्रधानमन्त्री ओली स्वयंले भारतले नक्सा जारी गर्दा दिएका अभिव्यक्तिको स्मरण गर्नु आवश्यक छ ।

गणतन्त्रको कुरा गर्दा यतिन्जेलको अभ्यासले नेतालाई सबथोक दिए पनि जनतालाई केही दिएको छैन । गणतन्त्र वास्तविक गणतन्त्र हुन सकेको छैन । जबसम्म सत्ताधारीहरूले गणतान्त्रिक आचरण अवलम्बन गर्दैनन् तबसम्म लोकतन्त्रको अनुभूति हुन सक्नेछैन र अधिनायकवादको आशंका गर्नेहरूलाई नै बल पुग्नेछ ।

क्रान्ति र परिवर्तनका नेतृत्व गरेका नायकहरू इमानदार तथा जिम्मेवार हुनुपर्छ । साँच्चिकै अधिकारका लागि, जनताको जीवनस्तर सुधारका लागि राष्ट्रको लागि लड्ने, संघर्ष गर्नेहरूले आफूलाई नैतिक बन्धनभित्र राख्नुपर्छ । संविधानको भावनाको कदर र मर्मको ख्याल राख्नुपर्छ । हामीले अहिले भोगिरहेको शासन यस्तै प्रकृतिको हो । पारिवारिक शासन फालेर जनताका प्रतिनिधि र जनताका छोराले शासन गर्ने 'गणतन्त्र' त ल्यायौं नेताहरूमा, खासगरी शासकहरूमा राजसी ठाँट बढ्यो भने जनतासँगको दूरी बढ्ने क्रममा रहेको सबैले महसुस गरिरहेको वर्तमानको यथार्थ हो ।

७० वर्षदेखिको आन्दोलन र संघर्षका गफ गर्ने तर विगत ३० वर्षदेखि आफूहरू नै सत्ताको वरिपरि घुमिरहेको बिर्सने वा बिर्सन खोज्ने, जनतालाई झुक्याउन, भ्रममा पार्न खोज्ने र साँचिलो बन्नेहरूका अनुहार गणतन्त्रको स्थापना र संविधान जारी भएपछिको यस अवधिमा जनताले राम्रै देखेका, छुट्याएका छन् । सत्तापक्षको मात्र होइन, प्रमुख प्रतिपक्षी र अन्य दलहरूको अवस्थासमेत उस्तै छ । सबै निहीत स्वार्थमा रमाएका छन् । कसैको पनि सन्तोषजनक भूमिका छैन । यसैले कुनै पनि पार्टीका नेताले हामीले संघर्ष ग(यौं, क्रान्ति ग(यौं भन्ने गफ गर्नुको औचित्य छैन । त्यसका लागि त जनताको जीवनस्तरमा परिवर्तन आउनुपर्छ, नेतृत्वको प्रवृत्ति र नियतमा सुधार आउनपर्छ । अन्यथा, जस्तोसुकै परिवर्तन आए पनि त्यो भ्रम मात्र ठहरिन्छ । हाम्रो १२ वर्षको गणतन्त्रे अनुभूतिले त्यही पुष्टि गरेको छ ।

अन्त्यमा, यस वर्षको गणतन्त्र दिवस सम्मुख आइपुगेको सन्दर्भमा मुलुकमा राजनीतिक परिवर्तनका लागि पटकपटक भएका आन्दोलनमा आफ्नो ज्यानको बाजी लगाउने र शहादत दिने सपूतहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नैपर्छ । तर, शहीदको भावनाको भइरहेको अपमानप्रति क्षमा पनि माग्नुपर्छ । जबसम्म यिनै नेताहरू राजनीतिको अग्रपंक्तिमा रहन्छन्, आफ्ना स्वार्थ पूर्तिमा तल्लीन रहन्छन्, जनतालाई भ्रममा राखेर आफूहरू मोजमस्ती गरिरहन्छन्, तिनले यसरी नै शहीदको भावनाको अपमान गरिरहन्छन् । यस किसिमको शासन शैलीमा शहीदले चाहेको परिवर्तन र देखेका सपना साकार हुन सम्भव छैन ।

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्

बालकन्या फर्निचर उद्योग
मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।

प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

# ‘लकडाउन’ को मौका छोपेर निरंकुश संकटकालको अभ्यास

**सीपी गजुरेल**

चीनको हुबेई राज्यको राजधानी ऊहानबाट २०१९ को अन्तिममा देखापरेको ‘नोभेल कोरोना भाइरस’ अहिलेसम्म संसारका २१० मा फैलिसकेको छ । हाम्रो सिमाना जोडिएको उत्तरतिरको छिमेकी देशबाट सुरु भएको यो महाव्याधिले सात समुद्रपारीका अमेरिका, युरोपीय देशहरुमा महामारीका रुपमा फैलिएर तहल्का मचाइसक्दा पनि हिमाल कटेर नेपाल आउने चेष्टा गरेको थिएन । हाम्रो देशमा खासै संक्रमण फैलिएको थिएन । हामी भाग्यशाली थियौं । हामीले यसको संक्रमण रोक्नका लागि पर्याप्त समय र विभिन्न देशमा यसको रोकथाम र नियन्त्रणका अनुभवको पनि जानकारी हासिल गर्ने अवसर पाएका थियौं । तर, भ्रष्टाचार, कमिसनतन्त्रमा व्यस्त यो सरकार तयारीको काममा गम्भीरतापूर्वक लागेन । सरकारले यो सुनौलो अवसरलाई गुमायो । संयुक्त राष्ट्रसंघका महासचिव एण्टोनियो गुटेरेसको कोभिड–१९ को समस्यालाई ‘दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो संकट’ भन्ने अभिव्यक्ति आइसकेको थियो । जनस्तरमा सरकारको यो रवैयाको विरोधमा आवाज चर्कै रुपमा उठ्न थालेपछि मात्र यो सरकारले अलिकति कान ठाडो पार्‍यो । तर, निकै ढिलो भैसकेको थियो । गत चैत्र १० गतेदेखि मात्र अन्तर्राष्ट्रिय उडान बन्द गर्ने निर्णय लिइयो । त्यसको भोलिपल्टदेखि देशैभरि ‘लकडाउन’को घोषणा गर्‍यो सरकारले ।

**पूर्वाधारसहितको हुनुपर्छ लकडाउन**

अष्ट्रेलियाको जंगलमा लागेको डँढेलो जस्तो फैलिएको कोरोनाभाइरसको रोकथाम र नियन्त्रण गर्न चीनले सफलता पाएको हुनाले अन्य देशका लागि पनि आवश्यक र उपयुक्त ठानेर विश्व स्वास्थ संगठनले समेत सिफारिस गरेको विधि हो लकडाउन । चिनियाँ राष्ट्रपति सि जिनपिङले ‘जनयुद्ध’का रुपमा लिएर यसका लागि सम्पूर्ण शक्तिको परिचालन गरेका थिए । कोरोनाभाइरस देखापरेको ऊहानमा देशैभरिबाट ४२ हजार डाक्टर, नर्सहरुको परिचालन र केन्द्रीयकरण गरिएको थियो । त्यहाँको डेढ करोड जनताले भोक, प्यास र दैनिक समस्याको पीडा भोग्नु परेन । सबै व्यवस्था सरकारले नै गर्‍यो । अनिमात्र त्यो महामारीको सामना गर्न चीन सफल भएको थियो । त्यसकारण, पूर्वाधारसहितको लकडाउनले मात्र कोभिड–१९ को महाव्याधिसँग जुध्न सकिन्छ । पूर्वाधार विनाको ‘लकडाउन’ जनतालाई ठुलो बोझ र पीडा जस्तो हुन्छ । पूर्वाधार तयार गर्नु यसको अनिवार्य शर्त हो । यसमा सरकारले तुरुन्त ध्यान देओस् ।

जनताका तात्कालिक समस्याको समाधानको व्यवस्था, उपचारका लागि आवश्यक सामग्री र औषधीसहितको योजना बनाएर, काममा होमिइहाल्नुको सट्टा सरकारी ‘उच्चस्तरिय समिति’ नै फर्जी कम्पनी दर्ता गरी नक्कली सामग्री खरिद गरेर करोडौंको कमिसन खाने दाउमा लागेको समाचार ‘भाइरल’ भयो । व्यापक जनविरोध र दवाबपछि कम्पनी सँगको ठेक्का रद्द गरियो, कम्पनीको जमानत पनि जब्त गरियो । तर त्यसैले ल्याएको टेस्टिङ् किट, जसलाई विश्व स्वास्थ संघले मान्यता दिएको छैन, प्रयोग गरियो र गर्ने काम भइरहेको छ । विचित्रको लिला, यस्तो भ्रष्टाचार र कमिशन काण्डका मुख्य (खल) नायक मन्त्रीहरुलाई प्रधानमन्त्रीले आफैं ढाल बनेर जोगाउने काम गरे । कोरोना भाइरसको रोकथाम र नियन्त्रणको मुख्य जिम्मेवारी नै तिनै मन्त्रीहरुलाई दिइएको छ ।

**‘लकडाउन’ कि संकटकाल ?**

यो ‘लकडाउन’मा समग्र जनतालाई घरभित्र सीमित गरिन्छ । उनीहरुले उत्पादनमा भाग लिन पाउँदैनन् । दैनिक ज्यालादारी गर्ने श्रमिकहरु, जम्मा गरेर राख्न सक्ने क्षमता नभएको तल्लो वर्गले एक महिनाको ‘लकडाउन’ कसरी धाने होलान् ! केही नलागेपछि भोकै, प्यासै, बाल वच्चालाई बोरा र झोलासहित ५०० किलोमिटर बाटो पैदल हिँड्नेहरुको लस्कर, तिनै माथि प्रहरीहरुको लाठि प्रहार । यस्तो दृश्य देख्ने कुनै नेपालीका आँखा नरसाइरहन कसरी सक्छ होला !

सरकारले राहत प्याकेजको घोषणा गर्‍यो । त्यस्तो पनि कहीँ राहत प्याकेज हुन्छ ? माछ्लालाई चारो हालेको हो र ? यस्तो बेलामा पनि खर्च नगरिएको सरकारी ढिकुटी कैले र केमा खर्च गर्न साँचिएको ? छ ओटा हेलिकोप्टर आकासमा उडाएर मनाइने ओलीजीको अर्को जन्मोत्सव आउने बेला त भएको छैन होला ? यो राहत प्याकेजले एकछेउ पनि पुग्दैन । ‘लकडाउन’ को अवधिभरि तल्लो वर्गका जनतालाई पाल्न सक्ने गरी अर्को राहत प्याकेजको घोषणा गर्नु अनिवार्य छ ।

सुनिँदै छ फेरि ‘लकडाउन’ लम्ब्याइँदै छ । के पहिलेकै तरिकाको ‘लकडाउन’ ? जनतालाई त्यस्ले भयभीत पार्नेछ । कमसेकम् जनतालाई जहाँ छन् त्यहीं खान देऊ । उनीहरुका दैनिक जीवनका आवश्यकता पूरा गर । यति पनि तयारी नगरिकन घोषणा गरिएको ‘लकडाउन’ अभिसाप नबनोस् ।

पूर्वाधारबिना घोषणा गरिएको ‘लकडाउन’ त शाषकहरुले जन असन्तोष दबाउनका लागि लगाइने संकटकाल जस्तो हो । नेपालमा जुन ‘लकडाउन’ लागु गरिएको छ, त्यो विश्व स्वास्थसंघले भने जस्तो ‘लकडाउन’ नभएर सुरक्षा निकायको कडाइका भरमा लागु गर्न खोजिएको राजनीतिक संकटकाल जस्तो भएको छ । त्यसकारण, ‘लकडाउन’ आवश्यक हुँदा हुँदै पनि जनता जीवन धान्न नसक्ने पीडा भोग्नुपर्ने अवस्थाबाट आतंकित छन् । जनताका यी समस्याको सम्वोधन ‘लकडाउन’ को अनिवार्य शर्त हो ।

यतिनै बेला मौका छोपेर उपचार सामग्रीमा करोडौंको भ्रष्टाचार भयो । खाद्यान्न आदिमा भ्रष्टाचार र कमिशनतन्त्रलाई बेरोकटोक अघि बढाइएको छ । राहतको वितरणमा भेदभाव व्याप्त छ । यो सबै किन भइरहेको छ ? उनीहरुलाई थाहा छ, यो ‘लकडाउन’मा राजनीतिक पार्टी, नागरिक समाज, जनता कोही पनि बाहिर निस्कन पाउँदैनन् ।

यी सबैलाई पचाइसकेपछि ओलीजीले नेतृत्वको सरकार यही मौका छोपेर राष्ट्रपति सँगको साँठगाँठमा दुईवटा अध्यादेश जारी गराएर नेपालमा निरंकुश शासनको पुनर्वहाली गर्ने षड्यन्त्रमा लागेको थियो । राष्ट्रपतिको लालमोहर लागेर ती दुई अध्यादेश कानुन बनिसकेको स्थिति थियो । तर नेपालका सबै राजनीतिक पार्टीहरु र उनैले नेतृत्व गरेको सत्ताधारी पार्टीको एउटा ठुलो हिस्सा समेत त्यसको विरोधमा लागेपछि अनि मिडियाहरुमा त्यसको चर्को आलोचना र विरोध भएपछि दुबै अध्यादेश फिर्ता लिने र चोखो बन्ने दाउमा ओलीजी लागे । सोही अध्यादेशको परिकल्पनाअनुसार तत्कालीन समाजवादी पार्टी र राजपालाई फुटाउन सत्ताधारी पार्टीकै सांसद, रिटायर्ड प्रहरी आईजीसहितको टोलीले एउटा संसदीय पार्टीका संघीय सांसदलाई अपहरण गरेर ल्याएर राजधानीको होटेलमा राख्ने काम पनि भयो भन्ने चर्चा छ । त्यसकाण्डमा प्रधान मन्त्रीकै हात भएको चर्चा छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोभिड १९ को विरोधमा मानव जातिकै रक्षाका लागि संसारकै मानिसहरु एकजुट भएका बेला हो अहिले । अहिलेको दायित्व भनेको त्यसमा हातेमालो गरेर विश्व मानवजातिमाथिको यो संकटको एकजुट भएर सामना गर्ने नै हो । तर यस्तो संकटको समयमा आमजनता घरभित्रै थुनिएर बस्न बाध्य भएको अवस्थामा शासनसत्ताको दुरुपयोग गरेर नेपालमा निरंकुस शासनको अभ्यास गर्ने कुचेष्टा भएको छ । त्यसको जति भर्त्सना गरे पनि कमै हुन्छ ।

## कोरोना संक्रमणले बेलायतमा हालसम्म ३३ नेपालीको मृत्यु

लन्डन । कोरोना भाइरसको सङ्क्रमणबाट बेलायतमा हालसम्म ३३ नेपालीको मृत्यु भएको छ । सञ्चारमाध्यमका समाचार, गोरखा वेलफेयर ट्रष्ट र भूपू



गोरखा सैनिकको विवरण मिलाउँदा हालसम्म कम्तीमा ३३ नेपालीको मृत्यु भएको देखिन्छ । यसमा तीन महिला र बाँकी पुरुष छन् । यहाँस्थित नेपाली दूतावासमा भने हालसम्म ३१ नेपालीको मुत्यु भएको विवरण प्राप्त भएको छ । दूतावासका प्रवक्ता शरदराज आरणले दूतावासबाहेक वेलफयरले पनि छुट्टै विवरण राखेको र शनिबारमात्र सो आँकडा प्राप्त भएको जानकारी दिनुभयो । गोरखा वेलफेयर ट्रष्टमा अधिकृत तहमा कार्यरत ग्यारी घलेले ट्रष्ट भूपू गोरखाहरूका लागि काम गर्ने संस्था भएकाले बेलायतमा कोरोनाबाट निधन भएका केवल भूपू गोरखाको मात्र तथ्याङ्क राख्ने गरेको र दूतावासले सबै नेपालीको राख्ने हुँदा मृत्यु हुनेको सङ्ख्यामा फरक फरक पाइएको हुन सक्ने बताउनुभयो । मृत्यु हुनेको सङ्ख्या अझ बढी हुनसक्ने आशङ्का गरिएको छ । मृत्यु हुनेका सबै परिवारले सञ्चारमाध्यमलाई घटनाबारे जानकारी नदिन पनि सक्छन् । परिवारको इच्छाविना अस्पतालले यस्ता घटना सार्वजनिक गर्दैन ।

## कतारको जेलमा रहेका १७ नेपालीलाई आममाफी

काठमाडौं । कतारले कोभिड–१९ लाई मध्यनजर गर्दै विभिन्न कसूरमा जेल परेका १७ नेपालीलाई आममाफी दिएको छ । कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले कैदीको स्वास्थ्य र मानवीय अवस्थालाई समेत ध्यानमा राखी केही कैदीलाई आममाफी दिने घोषणा गरेको दोहास्थित नेपाली दूतावासले जनाएको छ । उक्त घोषणासँगै १७ नेपालीले आममाफी पाएका हुन् । आममाफीपछि कतारको बन्दी गृहमा रहेका उनीहरु रिहाइ हुनेछन् । लागू औषध कारोवारजन्य कसूरमा सजाय भोग्दै आएका १३, चोरी दुई तथा मादक पदार्थ कारोबार र ठगीको कसूरमा सजाय भुक्तान गरिरहेका एकरएक नेपाली रिहा हुनेछन् ।

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय शुभकामना

प्रो. गोविन्द प्रसाद तिवारी
भेटघाट रेष्टुरेन्ट
शहीदचोक, नारायणगढ

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय शुभकामना

प्रो. चुडामणि पौडेल
सुलभ छापाखाना
शहीदचोक, नारायणगढ

डिभिजन बन कार्यालय चितवनको अनुरोध

- गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।
- कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।
- बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ ।
- यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।
- कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।
- बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६– ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।

# कोरोनाको संत्रास: सामाजिक सद्भभाव कायमगर्न राज्यको भूमिका

**डा.खोमराज खरेल**

आज विश्व कोरोनानामक भाइरसको आतंकबाट आक्रान्त भएको छ। एकातर्फ स्वदेशमा रोजीरोटी नचलेको कारणले गर्दा ठुलो संख्यामा नेपाली श्रमिकहरु विदेशी बजारमा रोजगारीका लागि गइरहेका छन् भने अर्कोतर्फ स्वदेशमा बजारको माग अनुरुप प्राविधिकतथा व्यवसायिक शिक्षादिने शैक्षिक संस्थाहरुकमी र उच्चशिक्षाप्राप्त गरे पश्चात् रोजगारीको विश्वसनीय ग्यारेन्टीन भएकोले ठुलो संख्यामा नेपाली विद्यार्थीहरु विदेशी शैक्षिक संस्थाहरुमा अध्ययनगर्न जाँदै गर्दा कसैको चासो र चिन्ता देखिएको थिएन। अहिले विश्वबजारमा नेपाली श्रमिक र विद्यार्थीहरुको अनुमानित संख्या करिव पौने करोडको हाराहारीमा रहेको देखिन्छ।

नेपाली कामदारहरुको लागि मलेशिया जहाँ (३०.०९ प्रतिशत), कतार (२७.४० प्रतिशत), साउदी अरेवीया (२०.१८ प्रतिशत), युएई (१३.११प्रतिशत) कुवेत ( ३.२५ प्रतिशत) लगायत बहराइन, ओमन, दक्षिण कोरिया, जापान, भारत, माल्टा, अमेरिका, क्यानडा लगायतका देशहरु रोजगारीको गन्तव्य स्थान बनेका छन्। गतबर्षको आँकडा अनुसार भारत बाहेकका देशहरुमा साढे ४३ लाखभन्दा बढी श्रमिकहरु गएको देखिन्छ र समष्टीगत रुपमा वैदेशिक रोजगारीबाट आ.व. २०७४.७५ मा रु. ७५५ अर्ब नेपालीमुद्रा बराबरको विप्रेषण आय नेपालमा भित्रिएको थियो भने आ.व. २०७५.७६ मा नेपाल राष्ट्र बैंकको आँकडा अनुसार सो आयकरिव १६ प्रतिशतले वृद्धिभई रु. ८७९.३ अर्ब बराबरको विप्रेषण आय नेपालमा भित्रिएको देखिन्छ। अघिल्ला ५ बर्षहरुको औसत विप्रेषण आय ६५५.२६ अर्ब भन्दा बढी नेपालमा भित्रिएको देखिन्छ भने सोही अवधिमा विप्रेषण आयले नेपालको कुलगार्हस्थ उत्पादनमा औसतमा २७.४२ प्रतिशतभन्दा बढी योगदान गरेको पाइन्छ। त्यसैले वैदेशिक श्रमबाट आएको विप्रेषण आयले नेपालको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याएको छ।

सबै नेपालीले विचार गर्नु पर्ने पक्ष भनेको के हो भने सन् १९९० भन्दा अगाडिको नेपालको आर्थिक, सामाजिक तथा विविध सुचकांकहरुलाई पछाडि फर्केर हेर्ने भने त्यतिखेर अधिकांश नेपालीको अवस्था एउटा रेडियो, टि.भी., न्यानो कपडा, राम्रो कोट, ज्याकेट, राम्रो शैक्षिक संस्थामा पढ्न सक्ने, होटल तथा रेष्टुरेण्ट गएर खानाखान सक्ने हैसित थिएन। उक्त समयमा नेपाल सरकारको बजेटको आकार समेत साह्रै सानो थियो। अहिले वैदेशिक रोजगारी तथा आर्थिक उदारीकरणका कारणले गर्दा नेपालको अर्थतन्त्रको आकार बढ्न गई सरकारको क्षमता बढेको छ। जसको परिणाम नेपालीको जीवनशैलीमा ठुलो रुपान्तरण आएको छ। त्यतिमात्र नभएर अर्थतन्त्रको आकार, आर्थिक क्रियाकलापहरुमा विस्तार र रुपान्तरण जस्ता कारणहरुले गर्दा समष्टिगत आर्थिक तथा सामाजिक सुचकांकमा अपेक्षाकृत सकारात्मक सुधार आएको छ।

अध्ययनकालागि विद्यार्थीहरुको प्रमुख गन्तव्य देशहरुमा अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, बेलायत, भारत, चीन, जापान, बेल्जियम, दक्षिण कोरिया जस्ता देशहरु रहेका छन्। ती देशहरुमा लाखौका संख्यामा नेपाली विद्यार्थीहरु अध्ययन गरिरहेका छन्। विदेशी प्रतिष्ठित शैक्षिक संस्थाहरुमाआफ्ना छोराछोरीहरुले पढ्नु नेपाली अभिभावकका लागि गौरवको विषय बन्ने गरेको थियो।

अहिले नेपाली विद्यार्थीहरु अध्ययनका गन्तव्य देशहरु सबैभन्दा बढी कोरोना भाइरसको चपेटामा परेका छन्। ती देशहरुमा साढे लाखभन्दा बढी व्यक्तिमा कोरोनाको संक्रमण देखिएको छ र लाखौको संख्यामा मानिसहरुको मृत्यु भइसकेको छ। त्यसको प्रभावबाट नेपाली विद्यार्थीहरु अछुतो रहन मुश्किल छ। यसैगरी नेपाली श्रमिकको गन्तव्य देशहरुमा कोरोनाको प्रभावमध्यम स्तरको देखिएता पनिती देशका कम्पनीहरु कोरोना भाइरसको महामारीका कारणले क्रमश्रमिक कटौतीगर्ने नीति लिएकोले त्यसको पहिलो प्रहार नेपाली श्रमिकमाथि पर्न थालेको छ। विभिन्न देशका कम्पनीहरु र सरकारले श्रमिकहरुलाई आ-आफ्नो देशमा फर्किन अल्टिमेटम समेत दिन थालिसकेका छन्। यसले गर्दा नेपाली श्रमिकहरुमा एकातर्फ रोजगारी गुम्ने डर छ भने अर्को स्वदेश फर्किएर जीविको पार्जन गर्ने आधार तयार गर्न चुनौती देखिन्छ। यसैगरी भारतीय बजारबाट हजारौंको संख्यामा नेपाली श्रमिकहरु फर्किने क्रम चलिरहेको छ। यस्तो विषम परिस्थितिमा विभिन्न देशहरुमा चाहे रोजगारीका लागि विदेशीएका श्रमिकहरु र अध्ययनका लागि गएका विद्यार्थीहरु क्रमश स्वदेश भित्र फर्किने क्रममा छन्। स्वभाविक रुपमा विदेशबाट फर्किने व्यक्ति स्वयमले नै सामाजिक दुरी कायम गरी कोरोना संक्रमणको पहिचान तथा स्पस्ट नभएसम्म संयम बन्नु र सरकारले दिएको निर्देशन पालनागर्नु पर्दछ। विदेशबाट आएको होस अथवा स्वदेशमै बसेको होस् सम्पूर्ण व्यक्तिहरुले कोरोनामात्र होइन अन्यकुनै पनि सरुवा रोग लागेका व्यक्तिहरुले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुपर्दछ। तर अहिले हाम्रो टोल समाज र वस्तीहरुमा को महामारी जस्तो विषम परिस्थितिमा विदेशमा रहेका नेपाली दाजुभाईहरुको अवस्था कस्तो छ र उनीहरुलाई सुरक्षित साथ स्वदेशमा आउने वातावरण सृजनागर्ने भन्ने चिन्तन मननगर्नुपर्ने अवस्थामा त्यसको विपरित टोल समाजमा कथाकथित रुपमा अगुवा बनेका तथा रोगको गम्भिर्यतालाई विश्लेषण गर्न नसक्ने र सामाजिक तथा मानवियउत्तरदायित्व नभएकावर्गले विदेशबाट स्वदेश फर्किने श्रमिक तथा विद्यार्थीहरुमाथि अपलहेलना, सामाजिक रुपमा बेइज्जती तथा अनावश्यकरुपमा नकारात्मक अफवा फैल्याउने क्रम बढ्दो छ। स्वदेशमा रहेका नेपालीहरुको सामाजिक उत्तरदायित्व भनेको यदिकोही कसैलाई कोराना संक्रमण देखिएको उनीहरुको जीवन रक्षागर्न सुरक्षित रहदै सहयोग र सद्द्भाव गर्नुपर्ने अवस्थाहो र विभिन्न मिडियाहरुले त्यस्ता व्यक्तिहरुको व्यक्तिगत प्रतिष्ठामा आँच नआउँने किसिमले अरु व्यक्तिहरुलाई सुशुचित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सबैले बुझ्नु पर्ने यथार्थता र दायित्व भनेको नेपाल सबै नेपालीको साझा घर हो। बाध्यता र परिस्थितिले विदेशीनु परेका नेपालीका आ-आफ्नै समस्याहरु छन्। यो देशको आर्थिक, सामाजिक तथा समष्टिगत विकासमाजो कँही भएपनि उसको योगदान छ। स्वदेशमा बस्दैमा व्यक्तिको योगदान बढी हुने र विदेश श्रम बेचेर देशमा विप्रेषण आय प्रवाहगर्ने नेपालीको योगदान कमहुने होइन। स्वदेश बस्ने इलम तथा व्यवसायनगर्ने तर विप्रेषणका संवाहकहरुलाई अपमानगर्ने प्रवृत्ति बढेको छ। अहिले देशमा तीनतहका सरकारहरु छन् रती सरकारहरुका आ-आफ्नै अधिकार तथा स्रोतहरु छन्। जनतासँग प्रत्यक्ष सम्बन्ध राख्न सक्ने सरकार भनेको स्थानीय सरकार हो। तीनतहका सरकारहरुको आफ्नो अधिकार भित्र रहेर जनतालाई यो विषम परिस्थितिको सामना गरी नेपाली जनता तथा देशभित्र रहेका स्वदेशी तथा विदेशी नागरिकहरुलाई कोरोना रोग लाग्नबाट बचाउनु पहिलो चुनौती हो भने दोश्रो चुनौती भनेको समाजमा विभिन्न प्रकारका विकृत्ति र सामाजिक सद्भभाव तथा भाइचारा विगार्ने व्यक्तिहरुलाई कानुनको दायराभित्र सामाजिक सद्भभाव र अपनत्व कायम राख्नु हो।

संघीय सरकारको भूमिका भनेको समष्टिगत योजना बनाउने र त्यसका लागि चाहिने स्रोत व्यवस्थापन गर्ने हो भने प्रदेश सरकारले संघीय सरकारका योजना कार्यान्वयनगर्न समन्वयको भूमिका निर्वाह गर्नु पर्ने हुन्छ भने स्थानीय सरकार जनतासँग जोडिएकोले उनीहरुका समस्याहरु पहिचान गरी सामर्थ अनुसार समाधानगर्दै जाने हो र समस्याहरु समाधानगर्न सामर्थ नभएमा प्रदेश सरकार हुँदै संघीय सरकारसम्म पुऱ्याउने हो। स्थानीयतहमा देखापर्ने विभिन्न खालका सामाजिक विसंगतीहरुलाई कानुनको प्रयोग गर्दै नियन्त्रण गर्ने दायित्व स्थानीय सरकारको हो।

यसैगरी नागरिक समाज, टोल विकास समितिहरु, राजनैतिकदलहरु तथा समाजका अगुवा वर्गहरुको प्रमुख जिम्मेवारी भनेको मानवताको दृष्टिकोणले समाज र मानवमा सामाजिक दुरी कायम राख्दै आपसी सद्भभाव कायमगर्न भुमिका निर्वाह गर्नु हो।

## मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

**न्यू पशुपति हार्डवेयर**

शहीदचोक, नारायणगढ

## मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

**किर्ति आयुर्वेद**

पुल्चोक, नारायणगढ

## सरोकारवाला निकायहरुलाई अपाङ्ता भएका व्यक्तिहरुका सवालप्रति चासो लिने र जवाफदेही बनाऔं।

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सूचना तथा प्रसारण विभाग

## मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

प्रो. रामप्रसाद सुवेदी

**राम मिष्ठान्न भण्डार**

शहीदचोक, नारायणगढ

# युरोपमा नेपालीको अवस्था

**सन्तोष अधिकारी**

सिंगो मानव समुदाय नै यो महाविपत्तिसँग संघर्ष गरी राखेका बेला युरोपमा रहेका नेपाली पनि यसबाट अछुतो हुने कुरै रहेन । संक्रमण, मृत्यु र असरको अंकगणित फरक होला तर सामजिक, आर्थिक र स्वस्थ्यको चुनौतीलाई लिएर परेको मनोवैज्ञानिक असरको दर भने बाँकी विश्वमा पनि कम परेको छैन । खास गरेर संकटको योसम्मुखमा नेपालमा बसेर युरोपको वर्तमान संकटको बारेमा सुनिराखेका नेपाली अभिभावक र आफन्तमा भने व्यग्र कौतुहलतासँगै चिन्ता र दुविधा अवश्य छ । अझ विभिन्न सञ्चार माध्यममा ‘इलेक्सन अपडेट’कै शैलीमा मृत्युको समाचार सुनिराखेका अभिभावकमा पक्कै पनि बेचैनी छ । अनि यता बसेका नेपालीमा पनि भविष्यमा के कस्तो अवस्था आउने हो भन्ने अनिश्चितताले अस्थिर नबनाएको भने पक्कै होइन ।

हो यो अनिश्चितता र बेचैनीकोबीचमा पनि वास्तवमा हाल नेपालीको अवस्था कस्तो छ त ? युरोपमा रहेका आम नेपालीलाई खान बस्न नै समस्या सिर्जना हुन थालिरहेको छ त ? विभिन्न काम, पेशा व्यवसायमा लागेका सबैको अवस्था धराशायी र नाजुक बनिसकेको छ त ? अनि उपचारमा असमानता, विभेद सहनुपरेको छ ? युरोपका विभिन्न देशले तत्कालका लागि कस्ता योजना ल्याएका छन् ? यिनै विषयमा केन्द्रित भएर भ्रम, भाइरल र यथार्थ के हो केलाउने प्रयत्न गरौं ।

हो युरोपको समग्र अवस्थाको बारेमा त सायद तपाईंहरू सबै जानकार नै हुनुहुन्छ, यद्यपि कोरोनाका बारेमा धेरै कुरा गरिराख्नु परेन किनकी यसमा सबै अपडेट हुनुहुन्छ । तर यसमा पनि एउटा कुरा प्रस्ट पारौं, कतिपय सबालमा उपचारमा आप्रवासी र आफ्ना नागरिकबीच विभेद गरिन्छ भन्ने भ्रमहरू बहिर आउने गरेकोदेखिन्छ । तर वास्तवमा वैधानिक रूपमा बसेका आप्रावासी या नेपाली जोसुकैलाई दिइने सेवामा नीतिगतदेखि व्यावाहारिक रूपमा समेत हालसम्म कुनै भेदभाव छैन ।

कुनै एकाध व्यक्तिको एकदुई भोगाइलाई लिएर समग्रमा सामान्यीकरण गरियो भने त्यो न्यायोचित नहुन सक्छ, किनकी विभिन्न देशका स्वयं युरोपियनहरू पनि आफ्नो देशले दिएको सेवा सुविधाप्रति शतप्रतिशत सन्तुष्ट नहुन सक्छन्, उनीहरूको पनि हामीहरू कै जस्तै आलोचना र गुनासा नभएका होइनन् । तर हाम्रो सबाल अहिलेको विषम परिवेशमा राज्यले दिएको सेवामा समानता छ कि छैन भन्ने नै हो । कोरोनाका संक्रमित, आशंका गरिएका व्यक्ति, उपचारको शिलशिलामा रहेका नेपाली सबैलाई देशको सामर्थ्य अनुसार प्रवाह गरिएको सेवामा एकरूपता देखिन्छ । त्यस्तो असमानता छैन भन्ने प्रमाण उपचारपछि फर्किएका, सेल्फ क्वारेन्टाइनमा बसेका नेपालीहरू र अन्य देशका थुप्रै आप्रावासीको अनुभवबाट पनि पुष्टि भइसकेको छ । अर्कातर्फ अधिकांश युरोपियन देशमा स्वस्थ्य सेवा निःशुल्क छ अझ यो संकटको घडीमा त कैयन देशले वैध हुने प्रक्रियामा रहेका या अवैधलाई पनि स्वस्थ्य सेवा र सामजिक सुरक्षा कोषको सेवामा एकरूपता अपनाइएको घोषणा गरेका छन् । यसको मतलब पैसा नभएर कोही पनि उपचार गर्नबाट वञ्चित नहोउन् भन्न खोजेको हो ।

अब वैधानिकताको प्रक्रियामा रहेका नेपाली पनि यस्तो विशेष सेवाबाट लाभन्वित हुनेछन् । डेनमार्कको एउटा डेनिश, अनि पोर्चुगलको पोर्चुगिचले लिने सेवा र नेपालीले लिने सेवा हिजोजस्तै अहिलेको यो विषम परिस्थितिमा पनि फरक छैन । सेवाको विस्तारमा समस्या सिमितता र अभावहरू देशैपिच्छे फरक होला तर स्वदेशी विदेशी दुवैथरिको भोगाइमा समानता छ । यसो भन्नुको कारण कुनै पनि देशले यति ठूलो महामारी फैलिन्छ भनेर पूर्ववत रूपमै ठूलो संख्यामा भेन्टिलेटर, आईसीयू, सीसीयू निर्माण गरिसकेका थिएनन् । अहिले सबै देशले भइरहेको स्रोत साधानको उचित प्रयोग गर्दै क्षमता र स्तर अभिवृद्धि गर्दै लगिरहेकै छन् । भूगोल, जात, धर्म, लिंग, वर्ण र स्तर हेरेर यहाँ उपचारमा कसैलाई विभेद नभएको सत्य हो भने संक्रमणको असरको आधारमा सकरात्मक विभेद गरिएको कुरा पनि यथार्थ हो । मानौं गम्भीर बिरामीहरूलाई राख्नुपर्ने भेन्टिलेटरमा, तुलनात्मक रूपमा कम असर परेकालाई नराखिएको सत्य हो । यो युरोपमा मात्र नभई विश्वका सबै देशले अहिले पछ्याएको पद्धति पनि हो ।

**गाँसबासको अवस्था र राज्यको अनुदान**

अहिले धेरैको ध्यान खिचेको र भाइरल भएको विषय गाँसबासको अवस्थाकै बारेमा हो । कतिपय सञ्चारमाध्यमदेखि, सामजिक सञ्जालमा यो कुरा अहिले चर्चामा छ । तर चर्चामा आएका सबै कुरा शतप्रतिशत न सही छ भन्न सकिन्छ न झूटो मात्रै । अमुक भिडियो र केही समाचारलाई हेरेर मात्र मानसिकता बनाइयो भने त्यो चाहिँ बरू गलत हुनेछ । सामान्य अवस्था रहँदा पनि युरोप अमेरिकामा समस्या भोगेको, काम नपाएको गुनासो बारम्बार नसुनिएको होइन अहिले अवस्था उल्टो छ, तर समस्या बाहिर भनिएर सुनिएकै जस्तो छ त ? तत्कालका लागि कदापी छैन । सबैभन्दा पहिला युरोपका सबै देश लकडाउन भएका छैनन् । अनि ब्रेक्जिट भएको बेलायतपछि, बेल्जियम, जर्मनी, फ्रान्स, पोर्चुगल स्पेन लगायतका देशमा नेपालीको बढी बाहुल्यता छ ।

यीसँगै डेनमार्क, नर्वे, इटली, फिनल्याण्ड, स्विडेन, पोल्याण्ड र पूर्वी युरोपमा पनि नेपालीको दायरा फराकिलो बन्दै जाने क्रममा छ । यो आपतकालीन अवस्थामा इटलीले प्रत्येक कामदारलाई मासिक ५ सय युरोको हाराहारीमा दिने घोषणा गरेको छ भने स्पेनले अस्थायीरूपमा ‘ले अफ’ दिने बताएको छ । तर यति प्रतिशत भनेर एकिन गरेको छैन । ले अफ भनेको सिंगो देशमा तथा कुनै निश्चित क्षेत्रमा आएको संकटकालीन या आपतकालीन अवस्थामा त्यहाँ प्रभावित मजदूरदेखि नागरिकलाई अल्पकालीन समयका लागि राज्यले दिने राहत तथा अनुदान हो । जुन अहिले युरोपलगायत विश्वका अन्य धेरै देशले एकैपटक लागू गर्न बाध्य भएका छन् ।

त्यस्तै डेनमार्कले सामान्य अवस्थामा मासिक गर्दै आएको आम्दानीको ७५ प्रतिशत अनुदान सुविधा दिने घोषणा गरिसकेको छ भने नर्वेले ६२ प्रतिशत दिने उल्लेख गरेको छ । पोर्चुगलले ६६ प्रतिशत र बेल्जियमले ७० प्रतिशत दिने घोषणा गरेको छ । कोरोना संकटसँग जुधिरहेका फ्रान्स र जर्मनीले कामदारलाई अनुदान दिने उल्लेख गरेपनि प्रतिशत या निश्चित रकम तोकेका छैनन् । एकिन नतोकेपनि राहत रकम उपलब्ध गराउनेमा दुईमत छैन । उल्लेख गरिएका देशबाहेक अन्य देशले पनि आफ्ना देशमा वैधरूपमा काम गरेर बसेका कामदार र व्यवसायीका लागि राहत र अनुदान दिने घोषणा गरिसकेका छन् ।

स्मरण रहोस् युरोपका धेरै देशले निर्माण गरेका स्वस्थ्य, शिक्षा, सामजिक सेवा सुविधा सम्बन्धीका नीति नियममा समानता पाइन्छ । पूर्वी युरोपका लाटभिया, लिथुनिया, इस्टोनिया लगायतका देशले पनि कोरोना विशेष प्याकेज घोषणा गरिसकेका छन् । यसरी घोषणा गरिएको अनुदान तथा राहतबाट सम्बन्धित देशका नागरिकदेखि वैधरूपमा बसेका आप्रवासी पनि तत्कालका लागि लाभन्वित भएका छन् र हुनेछन् । यस्तो सुविधा पाउनेमा वैधरूपमा पेशा व्यवसाय गरेका आम नेपाली पर्नेछन् । यसरी मात्रै एकतर्फी हेरियो भने खासै समस्या नभएको जस्तो लाग्न सक्छ, तर समस्या नभएका भने होइनन् ।

अब प्रश्न उठ्छ, राज्यले प्रवाह गरेको यो विशेष अवस्थाको सेवा सुविधा सबै नेपालीले पाउँछन् त ? अवश्य पाउदैन् । माथि उल्लेखित आर्थिक सेवा सुविधा पाउनेमा वैधानिक रूपमा सम्बन्धित देशमा बसेका नियमित काम गरिराखेका नेपाली मात्र पर्नेछन् । अझ सामान्य अर्थमा भन्नु पर्दा वैधरूपमा रहेर राज्यलाई योगदान गरेको वर्गलाई यस्ता सुविधाले समेट्न सक्छ ।

युरोपमा हरेक नागरिकले आफ्नो आयको आधारमा राज्यलाई प्रत्येक महिना कर तिर्नुपर्नेछ । कामको प्रकृति जे भएपनि आयको आधारमा सबै नागरिक करको दायरामा आएका हुन्छन् । तसर्थ यस्ता खालका कठिनाइ र विषम परिस्थितिमा राज्यले वैधानिक रूपमा बसेका र कर तिरिराखेका सबैलाई आर्थिकदेखि अत्यवश्यकीय सेवा प्रवाह गर्ने गर्दछ । जुन सामन्य अवस्थामा पनि हुने गरेको थियो, मात्र अहिले एकै समयमा ठूलो संख्यामा सेवा दिइएको मात्र हो । राज्यले दिएको सुविधा प्राप्त गरिराखेका नेपालीको अवस्था पनि अन्यको जस्तै सामान्य छ । यसरी हेर्दा वैधरूपमा नियमित काम गरिराखेका नेपालीलाई तत्काल गम्भीर खालका समस्या आइहालेको छैन । यसको जिम्मेवारी राज्यले बहन गर्नेछ । राज्यबाट सहयोग पाउने नेपालीको आम्दानीको दायरा घटेपनि गाँसबासको समस्याको सामना गर्नुपरेको छैन ।

**समस्या कसलाई छ त ?**

स्वाभाविक रूपमा सबै नेपाली समस्याबाट मुक्त छैनन् । हो विशेष गरेर भर्खर नयाँ आएका नेपाली, कामको खोजीमा रहेका, विभिन्न देशमा वैधानिकताको प्रकियामा रहेका नेपाली युरोपियन देशले कामदारका लागि ल्याएको यो सुविधाको दायराभित्र पर्ने छैनन् र परेका पनि छैनन् । सँगै कम मात्रमा काम गर्ने अधिकार पाउने विद्यार्थी वर्ग पनि समस्यामा परेको पाइन्छ ।

काम गरिराखेका तर वैधानिकताको प्रक्रियामा रहेका कतिलाई स्वयं व्यवसायीले व्ययभार बेहोरिदिएको अवस्था पनि छ । जुन नगण्य छ । अर्कातर्फ यो विशेष अवस्थामा युरोपका कतिपय देशमा व्यवसायमा भारी गिरावाट आएपछि कामदारलाई हटाउने र सम्झौता नवीकरण नगरिदिने समस्याबाट पनि नेपाली पीडित भएका छन् ।

राज्यले कामदारलाई कामबाट निस्कासन नगरोस् भनेर नै विषम् परिस्थितिका लागि ले अफको सुविधा दिएको हो । सबैजसो देशले तत्काललाई कामदार ननिकाल्न सञ्चालकहरूलाई आह्वान गरिराखेका छन् । अब निष्कर्षमा भन्न सकिन्छ, भोलि कस्तो अवस्था आउँछ एकिन गर्न सक्ने आधार छैन तर तत्काललाई सबै समस्याग्रस्त पनि छैनन् भने सबै समस्या मुक्त पनि होइनन् ।

**कसका लागि अपरिहार्य छ सहयोग ?**

हो अहिलेको यो अवस्थामा वैधानिकताको प्रक्रियामा रहेका, काम छुटेका र विद्यार्थी वर्गलाई पनि सहयोग र हौसलाको खाँचो छ । भविष्य कस्तो हुन्छ, कसैले आंकलन नगरेको अवस्थामा अहिले नेपाली समुदाय तथा संघ-संस्थाको भूमिका तत्काल कोही संकटमा परेको छ भने उसको सहयोगमा नै केन्द्रित हुँदा प्रभावकारी हुनसक्छ । यो समस्या विश्वका शक्ति सम्पन्न देशदेखि विकासोन्मुख सबै देशका नागरिकले एक साथ झेलिराखेका छन् । अब सहयोग गर्नपर्ने नेपालीलाई प्राथमिकताका आधारमा सेवा प्रवाह गरेबाहिर आइराखेका भाइरल र भ्रम पनि मत्थर हुँदै जानेछन् ।

वास्तवमा कठिन समस्यामा परेका नेपालीको संख्या अहिलेको युरोपको अवस्थालाई हेर्दा तत्काललाई त्यति ठूलो पनि छैन । हामी संयमित हुनैपर्छ, विश्वले एकसाथ सामना गरिराखेको यस्तो संकटमा अफवाह होइन यथार्थ खोजौं, भाइरल होइन सदाबहार हुने बाटो रोजौं ।

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय शुभकामना

प्रो. रामशरण कार्की
(प्रबन्ध निर्देशक)
एसियन वोरिङ्ग (ड्रिलिङ्ग) क. प्रा.लि.
गैंडाकोट

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय शुभकामना

पोखरेली सुनचाँदी पसल
बालकुमारी चोक, नारायणगढ

# महामारी सिर्जित कानुनी उपचारको इतिहास

**राजेन्द्रबहादुर सिंह**

२०५४ सालतिरको कुरा हो । म श्री सत्यवादी माध्यमिक विद्यालय भोपुर, बझाङमा कक्षा ८ मा अध्ययनरत थिएँ । श्री सत्यवादी माध्यमिक विद्यालय मानवतावादी बझाङी राजा श्री जयपृथ्वीबहादुर सिंहले स्थापना गरेको विद्यालय हो । त्यतिबेला कक्षा ८ मा 'सामाजिक शिक्षा' अनिवार्य विषयका रूपमा अध्ययन गर्नुपर्थ्यो । सामाजिक अध्ययन विषयमा 'इतिहास' शीर्षकको एक पाठ थियो । त्यो पाठ यसरी सुरु भएको थियो, 'इतिहास उहिलेउहिले घटेका घटनाहरुको वृतान्त हो' । दिमागमा त्यो वाक्य यसरी भिजेछ कि अहिलेसम्म पनि बिर्सेको छैन । सायद त्यति बेला पाठ्यवस्तु कण्ठाग्र गर्ने प्रचलनले पनि यसो भएको हुनुपर्छ । उप्रान्त, उक्त पाठमा सायद इतिहासले राजारानीका गौरव गाथा, युद्ध तथा वीरताको वर्णन गरेको हुन्छ भन्ने कुरा उल्लेख थियो तर अहिले म ठ्याक्कै यसै लेखिएको थियो भनी सम्झन सक्ने स्थितिमा छैन । यद्यपि, यस्तै भावबोध गराउने कुरा उल्लेख थियो भन्ने कुरामा निश्चित छु । इतिहास शीर्षक दिइएको त्यो पाठको सार यस्तो हुन्थ्यो । इतिहासले राज्यहरूबीच सीमा विस्तारका लागि भएका युद्ध, शासकबीच सत्ता हत्याउन भएका हतकण्डा, स्वतन्त्रताका लागि भएका स्वतन्त्रता संग्रामको इतिवृत्तिलाई समेट्छ । यसैगरी, युद्धभूमिमा युद्धका महारथीका वीरताका गाथा पनि समेटिन्छन् । इतिहास प्रागऐतिहासिक काल, प्राचीनकाल, मध्यकाल र आधुनिककाल हुँदै क्रमिक रूपमा समयक्रमसँग अगाडि बढ्छ । समयक्रमसँगै मानवजातिको भौतिक, आर्थिक, सामाजिक सांस्कृतिक विकासको बढात्तरी पनि हुँदै गएको हुन्छ । इतिहासका कालखण्डमा घटेका एक घटनाले अर्को घटना घट्नुको कारक बन्दछ । अर्थात् एक घटना घट्नुको पछाडि एक मात्र घटकले कारकको भूमिका खेलेको हुन्छ । कुनै एक घटना घटनु वा विघटन हुनुको पछाडि एकभन्दा बढी कारकतत्व हुन सक्दैनन् । एक घटनाले अर्को घटनाको सिर्जना गर्छ । समग्रमा भन्नुपर्दा इतिहास तथ्यको संकलन हो, यथार्थ घटनाको वृतान्त मात्र हो भन्ने आशय थियो । इतिहासका पात्रहरू राजामहाराजा र युद्धका महारथी मात्र हुन सक्छन् । उनीहरूका गतिविधिले नै इतिहास निर्माणमा योगदान पुऱ्याएको हुन्छ । जहाँ अरू वर्ग तथा मानिसको योगदानको कुनै गुन्जायस रहन सक्दैन ।

तत्कालीन समानान्तर कालखण्डमा उता पश्चिमा जगत्मा भने नवऐतिहासिक तथा सांस्कृतिकवादका समालोचक इतिहासका विषयवस्तु तथा इतिहासलेखन शैलीमा परिवर्तनको आवश्यकता रहेको कुराको वकालत गरिरहेका थिए । इतिहास र संस्कृति अध्ययनका क्षेत्रमा नयाँ आयामहरू आइसकेका थिए । परम्परागत इतिहासलेखनका मूलमर्म र मान्यतामाथि प्रहार भइरहेको थियो । धमाधम इतिहास पुनर्लेखन तथा पुनर्व्याख्या भइरहेका थिए ।

नवऐतिहासिकवादका मूर्धन्य व्यक्तित्वहरू फ्रेन्च दार्शनिक तथा इतिहासकार मिसेल फुकोका सैद्धान्तिक मान्यताबाट धेरै हदसम्म प्रभावित थिए । उनीहरूका तर्क थिए । तथ्य तथा घटनाको यथार्थतासम्म पुग्न मात्र होइन, तथ्य ग्रहण गर्नसमेत कठिन हुन्छ । तथ्यहरू मानिसका दृष्टिकोण सापेक्ष हुन्छन् । तथ्यांक र मिथ्यांकबीच अकाट्य सम्बन्ध रहेको हुन्छ । त्यसैले, इतिहास तथ्यहरूको तथ्यांक हुन सक्तैन बरु तथ्यको व्याख्याको वृतान्त मात्र हो । इतिहासकारले आफूलाई महत्वपूर्ण तथा महत्ता महसुस भएका घटना समाहित गर्छन् भने अरूलाई नकार्दछन् । इतिहासकारले बाँचेको संस्कृति, समाज, मनोविज्ञानले समेत घटनाका तथ्य, कारक तत्वहरू र परिणामलाई प्रभाव पार्छ । यसर्थ, इतिहासमा इतिहासकारका विचारको प्रभुत्व रहन्छ । तथ्यहरू प्रस्तुत गर्न व्याख्या विधिको सहायता लिइने गरिन्छ । व्याख्या कहिल्यै पनि वस्तुगत हुन सक्तैन । तथ्यहरूका प्रस्तुतिको वैधता तथा विश्वसनीयता कायम हुन विभिन्न कारणले गर्दा असम्भव प्रायः हुन जान्छ । व्याख्या जहिल्यै पनि विचारप्रधान हुन्छ । यस आधारमा इतिहास, आख्यान र संकथनमा धेरै हदसम्म समानता रहन्छ । आख्यानले पनि इतिहासको प्रतिनिधित्व गर्न सक्छ ।

विभिन्न कालखण्डमा संसारमा फैलिएका आततायी महामारीको त्राहीमामले स्वास्थ्य, शिक्षा, कानुनलगायतका क्षेत्रमा व्यापक बदलाव ल्याएको पाइन्छ । समाजको ऐना मानिएको साहित्यिक क्षेत्रमा महामारीले स्थान पाउनु स्वाभाविक नै हो । अंग्रेजी साहित्यमा महामारीमा आधारित विभिन्न आख्यानको रचना भएको पाइन्छ । सन् १६६५-१६६६ सम्मको करिब १८ महिनासम्म फैलिएको ब्युबोनिक प्लेगले ब्रिटेनको कुल जनसंख्याको एक चौथाइ जनसंख्याको सिकार बनाएको थियो । महामारीको ५० वर्षपछि प्रसिद्ध साहित्यकार डानियल डुफोले उक्त महामारीको समकालीन ऐतिहासिक दस्तावेजको अध्ययन गरेर 'अ जर्नल अफ प्लेग इअर' (१७२२) नाम दिई उपन्यास लेखेका थिए । उपन्यासले महामारीले लन्डनमा पारेको असरको तथ्यगत लेखाजोखा प्रस्तुत गर्छ । परिवारको कुनै एक सदस्यलाई महामारीबाट संक्रमित भएपश्चात् क्वारेन्टाइनमा बस्न बाध्य बनाइएको कारुणिक वृतान्तहरू उल्लेख छन् । आफ्ना सन्तान र आफन्तको पासविक ढंगको मृत्युको साक्षी बन्नुको पीडाको जीवन्त प्रस्तुति रहेको छ । क्वारेन्टाइन पीडाका चित्कारको बखान गरिएका छन् । यसका अलावा दुःखी, निःसहाय र गरिबले भोग्नुपरेको बहुआमायिक व्यथा र वेदनालाई व्याख्या गरेको छ ।

सन् १९१८ मा फैलिएको स्प्यानिस फ्लु महामारीको सेरोफेरोमा आधारित भएर क्याथरिन एन पोटरले सन् १९३९ मा 'पेल हर्स्, पेल राइडर' नामको आख्यान रचना गरेकी थिइन् । त्यसैगरी, महामारीलाई केन्द्रमा राखेर लेखिएका केही मह□वपूर्ण आख्यान दि प्लेग १९४७, लभ इन द टाइम अफ कोलेरा १९८५, जर्नल अफ द प्लेग इअर १९८८, दि चिल्ड्रन्स हस्पिटल २००६, दि ओल्ड ड्रिफ्ट २०१९ आदि छन् । कोरोना कहरले सामाजिक आर्थिक र सार्वजनिक स्वास्थ्य जगत्मा पारेको असरले कानुन, शिक्षा, विकास आदिका क्षेत्रमा बदलाव आउने निश्चित छ । विगतका महामारीझैं कोरोनाले पारेको असरले साहित्यिक विधामा पनि अवश्य नै ठाउँ लिनेछन् ।

साहित्य समाजको ऐना हो भनिन्छ । यसले समाजमा घटेका घटनालाई कहिले दुरुस्त त कहिले भाषिक सौन्दर्य समाग्रीको लेप लगाई आमजनसमक्ष मनोरञ्जन हेतु पस्कन्छ । मनोरञ्जन प्रदान गर्नु साहित्यको एक मात्र उद्देश्य भने होइन । समाजले साहित्यका लागि विषयवस्तु जुटाइदिने गर्छ । बदलामा साहित्यले समाजलाई सुशिक्षित गर्ने र दिशा निर्देशित गर्ने कामसमेत गर्छ । सामाजिक तथा मानवीय चेतलाई अद्योपान्त गरी सञ्चित गर्ने गर्छ । यसर्थ, साहित्य र समाजबीच समानुपातिक सम्बन्ध बनिरहन्छ । मतलब, समाज बदलिँदा साहित्यमा पनि बदलाव आउँछ । राजदरबार हत्याकाण्डपश्चात् 'रक्तकुण्ड'लगायतका कृति प्रकाशित हुनु यसको एक उदाहरण हो ।

इतिहास निर्माणमा राजामहाराजा र युद्धरथीहरूबाहेक अरू सामान्यजनको भूमिकालाई समेत समेट्न सक्नुपर्छ । उनीहरूको पनि इतिहास निर्माणमा अरूसरह समान योगदान रहेको हुन्छ । तर, तत्कालीन राज्यसत्ता र शक्तिकेन्द्रले सामान्य भनिएकाको योगदान र महत्तालाई नकार्छ । यसर्थ, अहिलेसम्म लेखिएका इतिहास एकतर्फी छन् । एकल दृष्टिकोणले लेखिएका छन् । त्यसैले, यो इतिहास पुनर्लेखनको समय हो । समाजमा व्याप्त लोकगाथा, लोककथा, लोकगान, लोकगीत र रीतिरिवाजलाई इतिहासलेखनका स्रोतका रूपमा लिनुपर्छ । तत्कालीन अवस्थामा लेखिएका साहित्यिक कृति, सामाजिक आर्थिक स्थितिसम्बन्धी दस्तावेज, लोकक्रान्ति, प्राकृतिक प्रकोपसमेतलाई इतिहासलेखनका स्रोतको स्वरूपमा लिनुपर्छ । इतिहास राजनीतिक प्रकृतिको मात्र हुँदैन । इतिहास त विभिन्न आयाम र आधारमा लेखिनुपर्छ । जस्तै, आर्थिक इतिहास, कूटनीतिक इतिहास, कृषि इतिहास, वातावरणीय इतिहास, विकास इतिहास आदि । सामान्यजनसँग जोडिएका घटनालाई पनि इतिहासका कडीका रूपमा लिनुपर्छ । अन्यथा इतिहासले बृहत्तर सत्यलाई दर्शाउन सक्दैन । सत्य सार्वभौमिक साझा वस्तु हो । तर, यो बहुआयामिक पनि हुन्छ ।

यसै सन्दर्भमा सन् १९८२ ताका प्रसिद्ध पश्चिमा विश्वविद्यालयबाट दीक्षित भारतीय सामाजिक चिन्तक तथा सिद्धान्तकार गायत्री चक्रवर्ती स्पिभाक, रणजित गुहा, संगीता सिंहलगायतले तत्कालिन ब्रिटिस साम्राज्यले भारतीय इतिहासको तोडमतोड गरेको भनी भारतस्थित अक्सफोर्ड विश्वविद्यालय प्रेसबाट प्रकाशित अनुसन्धानमूलक जर्नलमार्फत रोष प्रकट गरिरहेका थिए । उनीहरू इतिहासमा लोकजनको योगदान तथा लोकक्रान्ति समावेश गरी इतिहासको पुनर्लेखन र पुनर्व्याख्या गर्नुपर्छ भनी वकालत गरिरहेका थिए । पछि गएर उनीहरूको शोधले इतिहास अध्ययनका क्षेत्रमा 'सवाल्टर्न स्टडी' नामको एक नयाँ विधाको अभ्युदय भयो ।

हाम्रो सन्दर्भमा पनि उल्लिखित अवधारणाले समसामयिक इतिहासलेखन शैली र इतिहासका विषयवस्तुमा प्रभाव पारेको देखिन्छ । बडामहाराजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको महाअभियानमा महत्वपूर्ण योगदान पुऱ्याउने गुमनाम बिसे नगर्चीको गौरवगाथाको अध्ययन गरिन सुरु गरियो । यसैगरी, सामाजिक तथा लैंगिक विभेदविरुद्ध तत्कालीन सरकारसमक्ष आवाज बुलन्द गरी विरोधस्वरूप आफ्ना अनुयायीसहित अरुण नदीमा जलसमाधि लिने योगमाया न्यौपानेमाथि खोज हुँदै छ । युद्धमा हराइएका तत्कालीन राज्य, दरबार, रजबार र लोकजनमाथि चलचित्र र 'बायोपिक' बनाइँदै छन् । यी इतिहासको पुनर्व्याख्याका क्षेत्रमा भएका केही महत्वपूर्ण प्रयास हुन तर यथेष्टचाहिँ होइनन् । इतिहासका पुरातन मान्यताको घेराभित्र नअटाइएका लोकजनका गौरवपूर्ण घटना, परिघटना र लोकक्रान्तिको शोधअनुसन्धान गरी इतिहास पुनर्लेखन तथा पुनर्व्याख्या गर्नु अहिलेको टड्कारो आवश्यकता पनि हो ।

समाज र कानुनले एकअर्कालाई प्रभाव पारिरहेका हुन्छन् । समाजशास्त्रीय विधिशास्त्री डब्ल्यू फ्रिडमनकृत 'परिवर्तनशील समाजमा कानुन' (१९५९) किताबको प्राक्कथन खण्डमा लेख्छन्, कानुनका समाजमा दुई किसिमका कार्य हुन्छन् । एक कार्य यसले समाज रूपान्तरणका लागि उत्प्रेरकको भूमिका लिन्छ भने अर्को यसले समाजलाई नियन्त्रण गर्ने कामसमेत गर्छ । ४० को दशकमा विधिशास्त्र अध्ययनका क्षेत्रमा कानुन समाजबाट स्वतन्त्र पनि रहन सक्छ भन्ने मान्यता राखियो भने ८० को दशकसम्म आइपुग्दा कानुन समाजिक क्रियाकलापमा निर्भर रहनुपर्छ भन्ने कुरामा विधिशास्त्री रहे । ९० को दशकदेखि भने कानुनले समाजलाई पछ्याउनुपर्छ वा समाजले कानुनलाई पछ्याउनुपर्छ भन्ने विवाद व्यापक बहस र छलफलको विषय बनिरहेको छ । जेसुकै भए पनि कानुनले समाज रूपान्तरण तथा समाज नियन्त्रणको दुवै कार्यलाई सन्तुलित ढंगले निभाउन सक्नुपर्छ ।

कानुनले समाज रूपान्तरणको लयलाई मुखरित गर्न सक्नुपर्छ । समाजका विभिन्न सवालको सम्बोधन गर्नुपर्छ । तथ्यगत समाजिक अवस्थाअनुसार तर्जुमा गरिएका कानुन मात्र सार्थक कानुन हुन सक्छन् । सार्थक कानुन मात्र कार्यान्वयनमा आउन सक्छन् । महत्वाकांक्षी मनोकांक्षा तथा अन्ध प्रगतिशील विचारका आधारमा कानुन तर्जुमा गरिनुहुन्न । समाज बहेको धार विपरीत बनेका कानुन, नीति, योजना र कार्यक्रमले केवल अकर्मण्यता सिर्जना गर्छन् । दुर्घटना निम्त्याउँछन् । समाजिक अवस्था र परिवर्तनको वेगलाई दिशानिर्देश गर्न सक्ने कानुन बन्नुपर्छ । कानुन यथार्थ सामाजिक, आर्थिक, सांस्कृतिक धरातलका आधारमा बनाइनुपर्छ । कोरोना कहरले ल्याउने सामाजिक परिवर्तनलाई पनि कानुनले सम्बोधन गर्नेछ भने त्यसले स्वास्थ्य तथा सामाजिक इतिहासमा समेत ठाउँ पाउनेछ ।

## कोरोना

**कृष्णप्रसाद सापकोटा**

कोरोना त विदेशबाट घुमिघुमी आउने
नेपालका दाजुभाईले भय दुःख पाउने
कोरोनाको अहिलेसम्म औषधी थाहा छैन
अन्जानले काम गर्छन हुने केही होइन ।

विदेशको भनाइमा यहाँ काम गर्ने
कति होलान बाँच्ने जिउने कति होला मर्ने
अमेरिका, ईरान, इटाली स्पेन पनि
कोरानोले समाइरहेछ देश धनी-धनी ।

हाम्रो देशमा औषधी न त छ त किट
साबुन पानी हात धोई घरमै बसि जित
आमा बाबु, दाजुभार्य सबैलाई विन्ती गर्छु
कोरोनाले दुःख दियो भन्दै कपि भर्छु ।

मेचीदेखि महाकाली सबै नेपाल हाम्रो
अहिलेसम्म क्षति छैन त्यही लाग्छ राम्रो
यी नदी मैले हिंडेको देख्छु दक्षिण ताकेर
यो नेपाल हामीले भन्न त पायौं, पुर्खाले राखेर ।

यी हिमालय बसेको देख्छु
दक्षिण शिर झुकाई
विकास गरौं नेपालमा सबै मिलेर मन झुकाई
यी जडीबुटी हजारौं होलान् गन्न त जान्दिन
के कति चोरे के कति बगे मनले मान्दैन
यो देशको विकास हुँदै हेर विदेशमा गएर
देशका युवा विदेशमा गए, विकास नभएर ।

*दमेक ट्रेडर्स, गैंडाकोट, नवलपुर*

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।
साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
प्रो. विमल गुरुङ्ग/साजन गुरुङ्ग
सूर्योदय काष्ठ तथा फर्निचर उद्योग
आनन्दमार्ग, बेलचोक, नारायणगढ

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।
साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
प्रो. नेक मोहम्मद मिया (कान्छा दाई)
नेक जनरल स्टोर्स
कमलनगर, नारायणगढ

# अलपत्र नेपालीलाई स्वदेश फर्काउन एनआरएनएले पहल थाल्ने

काठमाडौं । कोभिड–१९ का कारण विदेशमा अलपत्र परेका नेपालीलाई तत्काल स्वदेश फर्काउन गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले पहल गर्ने भएको छ । कोभिड–१९ का कारण मुख्यतः खाडीमा श्रम गरिरहेका केही नेपाली बिचिल्लीमा परेको र यही अवस्था जारी रहे थुप्रै नेपाली अप्ठ्यारोमा पर्ने भन्दै सङ्घले स्वदेश फर्काउने रणनीति तय गर्न लागेको हो ।

सङ्घले गठन गरेको 'कोभिड–१९ उच्चस्तरीय समिति'को बैठकमा सहभागीले विद्यार्थी, श्रमिक तथा विविध कारणले अवैधानिकरुपमा बस्दै आएका नेपालीका अवस्थाबारे गम्भीर चिन्ता प्रकट गरेका छन् । साइप्रस, अष्ट्रेलिया, अमेरिकालगायत मुलुकमा विद्यार्थी र खाडी क्षेत्रका श्रमिक कोरोना भाइरसबाट बढी प्रभावित भएका छन् । तत्काल करिब ५० हजार नेपालीले स्वदेश फर्कने चाहना राखेको सङ्घको अनुमान छ ।

यद्यपि, सरकारका तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले अप्रिल महिनाको अन्त्यसम्म गैरआवासीय नेपालीलाई यथास्थानमा सुरक्षित रहन अनुरोध गरिसक्नुभएको छ । विश्वका धैरैजसो मुलुक हाल 'लकडाउन'को




अवस्थामा छन् । वैदेशिक रोजगारीमा गएका कतिपय व्यक्तिको करार अवधि सकिएको छ र उनीहरु घर फिर्ता हुनका लागि पर्खेर बसेका छन् । सङ्घले अप्ठ्यारोमा परेका र नेपाल फर्कन अतिआवश्यक भएका नेपालीलाई तत्काल नेपाल फर्कने वातावरण बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवको पनि ध्यानाकर्षण गराइसकेको छ ।

यसका अतिरिक्त नेपाली श्रमिक काम गर्ने कतिपय कम्पनी बन्द हुँदा रोजगारी गुमेको छ र तुरुन्तै अर्को काम पाउने अवस्था पनि छैन । विदेशमा रहेका कतिपय नेपाली कामदारलाई खाने बस्ने समस्या देखिन थालिसकेको छ ।

सङ्घका सम्बन्धित देशका राष्ट्रिय समन्वय परिषद्ले सङ्कटमा परेका आफ्ना देशका नागरिकलाई मद्दत गर्ने उद्देश्यले केही चन्दा सङ्कलन गरी खाद्यान्न एवं अन्य अत्यावश्यक सामग्री वितरण गर्दै आएका छन् ।

'भिडियो कन्फ्रेन्स' मार्फत भएको सो बैठकमा एनआरएनएका अध्यक्ष कुमार पन्तले कोभिड–१९ का कारण गन्तव्य मुलुकमा रोजीरोटी गुमाएर स्वदेश फर्कन चाहनेको सङ्ख्या हजारौं रहेको बताउनुभयो । उहाँले भन्नुभयो, कुवेतमा तीन हजारभन्दा बढी कागजी प्रक्रिया पूरा नगरेका नेपाली छन् । कैयौं नेपालीलाई स्थानीय सरकारले सहयोग नगरेपछि नेपाली विभिन्न देशमा अलपत्र परेकालाई नेपाल फर्काउनेबारेमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल भइरहेको र परराष्ट्रमन्त्री यस विषयमा सकारात्मक हुनुहुन्छ ।

बैठकमा पूर्वशिक्षामन्त्री गङ्गाधर तुलाधारले अहिलेका अवस्थामा गैरआवासीय नेपाली समुदायले आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्दा नेपाल र नेपालीका लागि अतुलनीय योगदान हुने बताउनुभयो । कोभिड–१९ का कारण मुलुक भोलि सङ्कटमा जान सक्ने औँल्याउँदै उहाँले भन्नुभयो, यस्ता महामारी भविष्यका लागि पाठ सक्ने अवसर हो । यसले स्वास्थ्य क्षेत्रमा जोखिम न्यूनीकरण गर्न सहयोग पुग्छ । स्वास्थ्य क्षेत्रमा अहिले प्रयोग भइरहेका नयाँ अनुभवले आगामी पुस्ताको लागि उपयोगी हुनेछ । सङ्घका उपाध्यक्ष डा बद्री केसीले विदेशमा अलपत्र नेपालीको सहयोगका लागि वैदेशिक रोजगार कल्याणकारी कोषमा रहेको रकम परिचालन गर्ने विषयमा सरकारसँग छलफल भइरहेको जानकारी दिनुभयो । कोषमा र रु पाँच अर्बभन्दा बढी रकम जम्मा भइरहेको छ । सोही कोषको प्रयोग गरेर अलपत्र नेपालीलाई उद्धार गरेर ल्याउनुपर्ने आवाज उठ्दै गएको छ ।

## शेष घलेद्वारा १० लाख डलरको कोष स्थापना

मेलवर्न । गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष शेष घले र पत्नी जमुना घलेले अस्ट्रेलियामा कोभिड–१९ बाट पीडित विद्यार्थीका लागि १० लाख डलरको कोष स्थापना गरेका छन् । मेलवर्न र सिड्नीलाई आधारभूमि बनाएर स्थापना भएको मेलवर्न इन्स्ट्च्युट अफ टेक्नोलोजी (मिट) मा अध्ययन गर्ने विद्यार्थीका लागि उक्त कोषबाट सहयोग वितरण गरिनेछ ।

सन् १९९६ मा घले दम्पतीले स्थापना गरेको मिट चर्चित कलेज निजी हो । त्यहाँ पढ्ने विद्यार्थी संसारभरिका छन् । ४ हजारभन्दा बढी बहुसांस्कृति विद्यार्थीहरु मिट कलेजमा पढिरहेका छन् । अन्तर्राष्ट्रिय विद्यार्थीलाई सहयोग उपलब्ध गराउनका लागि हामीले सम्पूर्ण प्रकृया पूरा गरेका छौं, प्रमुख कार्यकारी अधिकृत डा. घलेले भने, '१० लाख डलरको कोष स्थापना गरेका छौं, सहयोगको आवश्यक भएका विद्यार्थीमा त्यो कोषबाट रकम खर्चिने छौं ।' यसअघि एक्सपर्ट एजुकेशन एन्ड भिषा सेन्टरले आफ्ना विद्यार्थीका लागि भनेर २ लाख डलरको कोष स्थापना गरेको थियो ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१–४४३४११३

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।
साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
प्रो. धुर्वकुमार श्रेष्ठ
हरिदास वावा स:मिल
भरतपुर, युनिक कलोनी, चितवन

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।
साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
प्रो. कृष्ण प्रसाद सापकोटा
दमेक ट्रेडर्स
गैंडाकोट–५, नवलपुर

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।
साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना
उपदेश हर्वल उद्योग
पुलचोक, नारायणगढ

अपाङ्गता भएका व्यक्तिहरुको पहुँचको अधिकार तथा अपाङ्तामैत्री संरचना निर्माणका बारेमा निर्माण कम्पनीहरु, डिजाइनर वा इन्जिनियरहरुमा चेतना जगाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## फेरि ...

गऱ्यो भने अर्को अभिप्राय नदेखिएमा खारेज भएको ऐनले खारेज हुँदाको बखत चल्तीमा नभएको वा कामय नरहेको कुनै कुरा पनि जनाउँदैन भन्ने व्यवस्था गरेको बताउँछन् ।

सरकारले वैशाख ८ गते राजनीतिक दल सम्बन्धी ऐन २०७३ र संवैधानिक परिरिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६ का केही प्रावधान अध्यादेशमार्फत संशोधन गरे पनि चौतर्फी दबाबपछि चार दिनमै खारेज गरेको थियो । राजनीतिक दल सम्बन्धी ऐनमा दल विभाजनका लागि केन्द्रीय समिति र संसदीय दल दुवैतर्फ ४०र४० प्रतिशत पुर्याउनु पर्ने व्यवस्थालाई अध्यादेशमार्फत संशोधन गर्दै एकातिर मात्रै ४० प्रतिशत पुर्याए हुने प्रावधान लागू गरेको थियो ।

त्यस्तै संवैधानिक परिषद सम्बन्धी ऐनमा बैठक बस्न अध्यक्षसहित अरु चार जना सदस्य उपस्थित हुनुपर्ने, सर्वसहमत नभए दोस्रो बैठकले पनि निर्णय गर्न नसक्ने र तेस्रो बैठकबाट निर्णय लिन बहुमत हुनै पर्ने प्रावधान थियो । उक्त प्रावधानलाई अध्यादेशमार्फत संशोधन गर्दै सरकारले विपक्षी दलको नेताको भूमिका खुम्चाउने तथा अध्यक्ष र अर्को एकजना सदस्यले जस्तो सुकै निर्णय सक्ने प्रावधान राखिएको भए पनि बिहीबार अध्यादेश नै खारेज गरियो ।

अब साविकको प्रावधान पुन:जिवित नगरे सम्म वा नयाँ व्यवस्था गरेपछि मात्रै संवैधानिक परिषदको बैठक सक्नेछ। अहिलेकै अवस्थामा संवैधानिक परिषदको बैठक बस्न र दल विभाजन हुन नसक्ने नेपाल बार एशोसियशनका पूर्वउपाध्यक्ष अधिवक्ता टिकाराम भट्टराई बताउँछन् । २०५९ सालपछि राजा ज्ञानेन्द्रले अध्यादेशमार्फत संशोधन र खारेज गरेका १२ वटा ऐनहरु पुन:स्थापित संसदले विधेयकमार्फत पुन:जिवित गरेको थियो । दुई अध्यादेशले ल्याएको राजनीतिक तरंग भने उत्कर्षमा पुगेको छ ।

## जसपाको ...

नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता र भौगोलिक अखण्डताको रक्षाका लागि दल दर्ता प्रकृया रोक्न माग गरिएको अभिवक्ता ढकालले बताए ।

युवासंघ नेपालका सह संयोजक रमेश पौडेलले जातिय रुपमा समाज विभाजित गर्ने, देशलाई खण्डखण्ड गरेर टुर्क्याउने चलखेल भइरहेकाले त्यसलाई रोक्न पनि दर्ता प्रकृया रोक्न माग गरे । देशको राष्ट्रिय एकता भड्काउनले गरी जान खोजिएकाले त्यसलाई रोक्न लामा र ढकालले चालेको कदमको आफूले समर्थन गर्ने उनले बताए। बिहीबार राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी एकिकृत भई बनेको 'जनता समाजवादी पार्टी नेपाल' निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिएको छ । दल दर्ता गर्न राजपा अध्यक्ष मण्डलका नेताहरु राजेन्द्र महतो, सरदसिंह भण्डारी, समाजवादीका अध्यक्ष उपेन्द्र यादव, राजेन्द्र श्रेष्ठ लागयतका नेताहरु कान्तिपथ स्थित निर्वाचन आयोगको कार्यालय पुगेका थिए ।

## तुरुन्तै ..

शिक्षक सङ्गठन परिवारलाई उनले धन्यवाद व्यक्त गरे ।

विद्यालय तहको कक्षा १ देखि ९ सम्मको अन्तिम परीक्षा सकिएको भए पनि कक्षा १०, ११ र १२ को परीक्षा हुन नसकेको अवस्थामा सरकारद्वारा गठित समितिको प्रतिवेदनको आधारमा स्थगन परीक्षा कहिले, कहाँ र कसरी सञ्चालन गर्ने भन्ने निर्णय गरिने उनले बताए । नेपाल शिक्षक महासङ्घ राष्ट्रिय समितिका अध्यक्ष बाबुराम थापाले कोरोना माहामारीको विद्यमान अवस्थामा शिक्षण सिकाइ क्रियाकलापका वैकल्पिक उपायको आवश्यकता रहेको बताउँदै त्यसको नेतृत्व गर्ने सङ्गठनको कास्की समितिलाई धन्यवाद व्यक्त गरे ।

शिक्षक महासङ्घले कक्षा १० का विद्यार्थीको एसइई परीक्षालाई मध्यनजर गरी गठित विद्यार्थी हेल्प डेस्कमा बसी सहयोग गर्ने ३५ शिक्षकको सम्पर्क फोनलाई टोल फ्रि बनाउने कुरा सरकारका प्रतिनिधिसँग भए पनि कार्यान्वयनमा नआएको बताए । उनले सबै विद्यार्थी पैसा तिरेर शिक्षकलाई फोन गर्न सक्ने अवस्थामा नभएकाले तुरून्त शिक्षकहरूका तोकिएका सम्पर्क फोनलाई टोल फ्रि बनाउन आग्रह गरे । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष लक्ष्मण शर्माले शिक्षकलाई प्रविधिमैत्री बनाउन कास्कीले लिएको अग्रसरताको प्रशंसा गरे ।

कोरोना कहरले बन्दाबन्दीको अवस्थामा देशैभरिबाट एकाएक शिक्षक प्रविधिको उपयोगप्रति उत्सुक देखिएको उनले बताए । प्रतिनिधिसभा सदस्य पदम गिरीले कोरोना सन्त्रासले अस्तव्यस्तता ल्याएको समयमा पनि शिक्षणको वैकल्पिक बाटोबारे प्रयास गरिएको बताउँदै शिक्षा र स्वास्थ्यको जिम्मेवारी पूर्णरूपमा राज्यले लिनुपर्ने जोड दिए । अब आउने शिक्षा ऐनले शिक्षाको व्यापार र दलाली गर्ने नभई आमजनताको पहुँचमा पुग्ने कुराको सुनिश्चितता हुनुपर्नेमा उनले जोड दिए ।





**मंगलमय शुभकामना**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

प्रो. जीवन अस्लामी

**होटल रोमा एण्ड खाजा घर**

गैंडाकोट, बुद्धचोक

*हामी कहां स्वादिष्ट खाना, नास्ता पाइनुका साथै अर्डर अनुसार पनि तयार गरिन्छ ।*

मोबाइल नं.: ९८४५१४५८७३, ९८१८०४८२५५

**मंगलमय शुभकामना**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

अध्यक्ष तारनाथ कुँवर

**रामनगर व्यवस्थापन समिति**

रामनगर-१, चितवन

**मंगलमय शुभकामना**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

कार्यवाहक अध्यक्ष (यमबहादुर मगर)

**भरतपुर महानगरपालिका**

वडा नं. १ को कार्यालय, नारायणगढ

**मंगलमय शुभकामना**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं ।

**साथै**

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

प्रो. रामकृष्ण रेग्मी

**न्यू अतिथि तन्दुरी रेष्टुरेन्ट**

क्यान्सर अस्पताल-१ नं. गेट


**जनआकाश मिडिया प्रा.लि.का लागि:** **प्रकाशक:** द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक,** मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटर:** जनआकाश डेस्कटप
**प्रधान कार्यालय,** बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण:** सुप्रिम प्रिन्टिङ्ग प्रेस